मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

श्रीअन्नु प्रकाशन (प्रा.)लि.

२६ Purwanchal National Daily

◆ वर्ष : २६ ◆ अङ्क : २०१ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०७८ जेठ २९ गते शनिवार (Saturday, June 12. 2021) नेपाल सम्वत् ११४१ Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-

सूचना

कुरीति छ जतासुकै हिमाल, पहाड, तराई आजैबाट रोकौं सबै मिलि बाल विवाहलाई ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रशारण विभाग

## आकर्षक कन्याम



**बिनोद पाण्डे**

**कन्याम, जेठ २८।** पूर्वका प्रमुख पर्यटकीयस्थल हो- इलामको कन्याम । कन्यामको चियाबारी देशमै एक नमूना चियाबारी हो ।

त्यहाँको चियाबारी, मौसम र हरियाली हेर्न देशका विभिन्न जिल्लाबाट पर्यटकहरुको घुइँचो हुने गर्छ । पर्यटकलाई मनमोह गर्ने कन्याम यो बर्ष झन आकर्षक बनेको छ ।

यतिवेलाको लकडाउनकैबीचमा परिवर्तन भएको कन्याम प्रत्यक्ष रुपमा अवलोकन गर्ने मौका र अवस्था पनि छैन । तर, लकडाउन अन्त्य भएपछि एकपटक घुम्नको लागि जानै पर्ने ठाउँ बनेको छ- कन्याम । फराकिलो बाटो, व्यवस्थित फुटपाथ, ठाउँ-ठाउँमा रमिता हेर्ने ठाउँ, त्यहाँ खुलेका होटल रेस्टुराँ पर्यटकलाई तान्ने आधार बनेका छन् । विगतका दिनमा पटक-पटक कन्याम घुम्न जानेहरुले पनि पुनः कन्याम नगए कन्यामको यात्रा अधुरो हुने गरी विकास भएको छ । गर्दा के हुँदैन र ? प्राकृतिक कारणले मनमोहक कन्याम यतिबेला भौतिक विकासले विदेशी पर्यटकस्थल भन्दा कम देखिएको छैन ।

# भारतबाट हात्तीको बथान आउन थालेपछि त्रास बढ्यो



**झापा, जेठ २८।** आधा दशकपछि भारतबाट बाहुनडाँगीमा हात्तीको बथान आउन थालेको छ । सीमामा गरिएको विद्युतीय तारबार र सशस्त्र गस्तीका कारण तिनीहरु मेचीको बगरबाटै फर्किने गरेका छन् ।

मानव हात्ती द्वन्द्व व्यवस्थापन तथा वातावरण संरक्षण समिति बाहुनडाँगीका अध्यक्ष हरि उप्रेतीले एक सातादेखि हरेक रात भारतबाट मेची नदी तरेर नेपालको तारबार क्षेत्रसम्म हात्तीको बथान आउन थालेको बताए । ३० देखि एक सयको संख्यामा हात्तीको बथान आउने गरेका छन् । बथानमा लामा लामा दाह्रा भएका भाले हात्तीदेखि बच्चाहरु पनि छन् ।

केही दिनअघि मेचीनगर-४स्थित बाहुनडाँगी भन्सार गौंडामा विद्युतीय तारबार भत्काएर ३० वटा हात्ती बाहुनडाँगी पसेका थिए । त्यसबेला तारबार भत्काएर पसेका हात्तीले मकैबाली खाएर सोत्तर बनाएका थिए । समितिले भत्केको तारबार मर्मत गरिसकेको जनाएको छ । तारबारको करेन्टसँग डराएर हात्ती रातभर सीमा क्षेत्रमै रोकिने गरेका छन् ।

भारतको सीमा क्षेत्रमा महानन्द वाइल्ड लाइफ सेन्चुरी नामक वन्यजन्तु आरक्षकको घना जङ्गल छ । आसामदेखि आएका हात्ती नेपाल आउनु अघि त्यही जङ्गलमा बस्ने गर्छन् । हाल साँझ परेपछि समितिको पदाधिकारी, डिभिजन वन कार्यालय झापाको टोली, नेपाल प्रहरी र सशस्त्र प्रहरीको टोली हात्ती छेक्न सीमाको गौंडाहरुमा खटिने गरेको छ ।

डिभिजन वन कार्यालयको साइरनसहितको गाडी र स्थानीय समितिको दुई ट्याक्टरले सीमा क्षेत्रमा हात्तीको गस्ती गर्दै आएको छ । कुनै पनि बेला हात्ती गाउँ पस्ने जोखिम छ, हामी नियमित गस्ती गरिरहेका छौं- डिभिजन वन कार्यालय झापाका प्रमुख युवराज मास्केले भने- २०७२ सालदेखि भारतबाट हात्ती आएका थिएनन् । अहिले एक्कासी आउन थाले ।'

प्रकृति संरक्षण समाजका अध्यक्ष अर्जुन कार्कीले हात्तीको ठूलो सङ्ख्या तारबार फोडेर बाहुनडाँगी प्रवेश गर्ने प्रयासमा रहेको हुँदा विगतमा झैं मानव हात्ती द्वन्द्व अझ बढ्ने चिन्ता व्यक्त गरे ।

## ताप्लेजुङका २९ आयोजनामा बजेट विनियोजन

**झापा, जेठ २८।** संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयमार्फत आगामी आर्थिक वर्ष २०७८/०७९ योजनामा ताप्लेजुङका २९ वटा आयोजना समेटिएको छ । छनौट भएका आयोजनाहरुमा मन्त्रालयले आवश्यक बजेट समेत विनियोजन गरेको छ ।

नागरिक उडड्यन प्राधिकरणमार्फत सुकेटार विमानस्थल जग्गा अधिग्रहणको लागि रु पाँच करोड बजेट विनियोजन गरेको छ । सुकेटार विमानस्थललाई विस्तार गर्न सो बजेट विनियोजन मन्त्रलयले नियोजन गरेको हो । पर्यटन विभागमार्फत मिक्वाखोलास्थित माङ्गिना याक विशेष पर्यटन ग्राम निर्माण गर्न आवश्यक बजेट विनियोजन गरेको विभागले जनाएको छ । पाथिभरा क्षेत्रमा पर्यटकीय विश्रामस्थल, उद्धार केन्द्र निर्माण गर्न क्रमागत बजेट रु. एक करोड ५० लाख विनियोजन भएको छ । त्यस्तै किरात धर्मालम्बीहरुको पवित्रस्थल फक्ताङ्लुङ क्षेत्र पूर्वाधार निर्माण रु. एक करोड विनियोजन भएको विभागले जनाएको छ ।

पुरातत्व विभागमार्फत फुङलिङ-३को मुक्तेश्वरनाथ मन्दिर संरक्षण तथा सम्बर्द्धन गर्न रु. १० लाख विनियोजन भएको छ । शिवालय मन्दिर संरक्षण तथा सम्बर्द्धनका लागि आठराई त्रिववेणी गाँउपालिकालाई रु. १० लाख विनियोजन भएको छ । यसैगरी विभागले मैवाखोला-२को साङ्गेछयोलिङ गुम्बा मर्मतका लागि रु. १० लाख, फक्ताङलुङ-६को दिकिछ्योलिङ गुम्बा निर्माण तथा मर्मतसम्भार गर्न रु. एक करोड विनियोजन गरेको छ ।

त्यस्तै पाथीभरा मन्दिर परिसर सत्तल र परिसर संरक्षण लागि रु ५० लाख विनियोजन र फुङलिङ-६को पन्चकन्या सेतिदेवी मन्दिर रु. २० लाख विनियोजन भएको विभागले जनाएको छ । चारपाटे

(बाँकी अन्तिम पृष्ठमा)

सर्वोच्चका दुई अन्तरिम आदेशले निम्त्याएको तरङ्ग:

# 'देश २०५२ सालको बाटोमा'

**झापा, जेठ २८।** प्रधानमन्त्री केपी ओलीको सरकारले ल्याएको नागरिकता अध्यादेशमाथि लगाइएको अङ्कुश र उनको समूहले कारबाही गरेका कर्णाली प्रदेशका सांसदहरूको पुनर्बहाली गर्ने सर्वोच्च अदालतको अन्तरिम आदेशले पछिल्ला केही महिना यताका राजनीतिक घटनाक्रमलाई नयाँ मोड दिन सक्ने जानकारहरूले बताएका छन् ।

प्रधानमन्त्री केपी ओलीको सरकारले ल्याएको नागरिकता अध्यादेशमाथि लगाइएको अङ्कुश र उनको समूहले कारबाही गरेका कर्णाली प्रदेशका सांसदहरूको पुनर्बहाली गर्ने सर्वोच्च अदालतको अन्तरिम आदेशले पछिल्ला केही महिना यताका राजनीतिक घटनाक्रमलाई नयाँ मोड दिन सक्ने जानकारहरूले बताएका छन् ।

सर्वोच्च अदालतको संवैधानिक इजलासले प्रतिनिधिसभा विघटन गरिएको अर्को दिन संसद्मा विचाराधीन नागरिकता ऐनसँग जोडिएको विषय तत्कालै अध्यादेशमार्फत जारी गर्नु सन्तुलनका दृष्टिले न्यायिक नदेखिएको भन्दै मुद्दाको अन्तिम किनारा नलागेसम्म कार्यान्वयन नगर्न बिहीवार अन्तरिम आदेश दिएको थियो ।

तराई केन्द्रित जनता समाजवादी पार्टीको महन्थ ठाकुर र राजेन्द्र महतोले नेतृत्व गरेको पक्षको माग सम्बोधन गर्ने क्रममा ओली नेतृत्वको मन्त्रिपरिषद्ले नागरिकता अध्यादेश ल्याएको थियो । पार्टीको निर्देशन विपरीत कर्णाली प्रदेशका मुख्यमन्त्रीको पक्षमा 'फ्लोर क्रस' गरेर मतदान गरेका नेकपा एमालेका चार प्रदेश सभा सदस्यलाई बिहीवार सर्वोच्च अदालतले पुनर्बहाली गरिदिएको छ ।

दलभित्र चरम मतभेदमाझ ओली पक्षले गठन गरेको महाधिवेशन आयोजक समितिको सिफारिसमा उनीहरूलाई प्रदेश सभाबाट हटाइएको थियो । तर, बिहीवारको आदेशमा



राजनीतिक दल सम्बन्धी ऐनको दफा ३२ मा दलको केन्द्रीय समितिले मात्र कारबाही गर्न सक्ने व्यवस्था भएको उल्लेख गर्दै प्रदेश सभा सदस्यमाथिको कारबाही कानुन विपरीत देखिएको भनिएको छ ।

मुद्दाको अन्तिम टुङ्गो नलागेसम्म त्यसलाई कार्यान्वयन नगराउन सर्वोच्चले ध्यानाकर्षण गराएको छ । प्रधानमन्त्री निकट एक जना नेताले पार्टीको महाधिवेशन आयोजक समितिले गरेका कारबाहीमाथि प्रश्न उठाउँदै सर्वोच्चले गरेको निर्णयविरुद्ध कानुनी लडाइ लड्ने बीबीसीलाई बताएका छन् ।

**राजनीतिक समस्याको राजनीतिक समाधान खोज्न इशारा**

संवैधानिक कानूनका जानकार तथा सर्वोच्च बारका अध्यक्ष पूर्णमान शाक्य वरिष्ठताका आधारमा बेन्चहरू गठन भएपछि त्यसले सरकारलाई कानूनको बाटोमा डोऱ्याउने काम शुरु भएको बताए ।

सरकारलाई कानूनी शासनको अवधारणा पालना गर्न अदालतले अन्तरिम आदेशले निर्देशन दिएको उल्लेख गर्दै उनी भन्छन्- सरकारलाई यदि अति आवश्यक विषयवस्तुमा संसद् नभएको बेला कानुन बनाउनुपर्नेछ भने सर्वोच्च अदालतले त्यसलाई त्यही ढङ्गले अनुमोदन गर्छ । सांसदलाई छलेर ल्याउने, संसद्मा विचाराधीन विषयलाई अध्यादेशका रूपमा ल्याउने या पछि संसद् पुनर्स्थापना वा निर्वाचित भएपछि पनि ल्याउँदा फरक नपर्ने अहिले हतार नभएका विषयहरूमा नियन्त्रण गरिन्छ भन्ने अदालतले बोलेको छ ।

त्यसबाहेक प्रदेश सभाका सांसदहरूलाई गरिएको कारबाही अघि नबढाउन दिइएको अन्तरिम आदेशले दलभित्रको समस्या राजनीतिक रूपमै हल गर्नुपर्ने सङ्केत गरेको उनले बताए । अधिवक्ता श्रेष्ठ भन्छन्- कुनै पनि कारबाहीको निर्णय गर्ने भनेको केन्द्रीय कमिटीले हो । राजनीतिक दल सम्बन्धी ऐनमा त्यसरी पदच्युत गर्न संसद् कुनै किसिमको ह्विप लगाएको बेला त्यसको विपक्षमा मतदान गरेको हुनुपर्छ । पार्टीले विपक्षी दलको नेतालाई फ्लोर क्रस गरेर समर्थन गरेकाले कारबाही गरिएको भनेर सोझै लेखिदिएपछि अहिले त्यसलाई अन्तरिम आदेशले रोकेको हो ।

उनले थपे- यो भविष्यमा कारबाही गर्न मिल्दैन भन्ने एउटा सङ्केत पनि हो । दलले आफ्नो समस्या राजनीतिक ढङ्गले समाधान गर्नुपर्ने हुन्छ । अदालतको भर पर्ने अवस्था चाहिँ अब रहेन ।

**कार्यकारी र दल दुवैलाई लगाम**

अर्का अधिवक्ता टीकराम भट्टराईले नागरिकता अध्यादेश र प्रदेश सभा सदस्यहरूको कारबाही दुवै विषयमा स्वेच्छाचारी ढङ्गले निर्णय लिन नमिल्ने प्रस्ट सन्देश सर्वोच्चले दिएको बताए । उनी भन्छन्- नागरिकता जस्तो संवेदनशील विषयवस्तुमा भरसक राष्ट्रिय सहमति हुनुपर्छ र त्यस्तो कानुन संसद्बाट मात्रै ल्याउन सकिन्छ भन्ने

(बाँकी अन्तिम पृष्ठमा)

## फिलिपिन्समा पोलियो उन्मुलन भएको घोषणा

**मनिला, जेठ २८।** विश्व स्वास्थ्य संगठन र राष्ट्रसंघीय बालकोष (युनिसेफ) ले फिलिपिन्समा पोलियो उन्मुलन भएको घोषणा गरेका छन् । झण्डै दुई वर्ष पहिले निकै संक्रामक यो रोग फिलिपिन्समा पुनः देखा परेपछि देशव्यापी पोलियो उन्मुलन अभियान चलाइएको थियो ।

दुबै राष्ट्रसंघीय संस्थाले संयुक्त रुपमा जारी गरेको वक्तव्यमा फिलिपिन्सको स्वास्थ्य सेवा विभागले यस वर्षको जुन ३ देखि पोलियो रोकथाम अभियान औपचारिक रुपमा स्थगित गरेको जनाएका छन् ।

वक्तव्यमा भनिएको छ- विगत १६ महिनाको अवधिमा कुनै पनि बच्चामा अथवा वातावरणमा भाइरसका अवशेष नभेटिएपछि यस्तो निर्णय गरिएको हो । खोप र निगरानीका कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गरिएपछि पोलियोका नयाँ बिरामी देखा नपरेको पनि वक्तव्यमा उल्लेख छ ।

त्यसयता फिलिपिन्स सरकार सहित विश्व स्वास्थ्य संगठन, युनिसेफ र अरु साझेदारहरुले भाइरस प्रसार रोक्न राष्ट्रपति पोलियो अभियान सञ्चालन गरेका थिए । कोभिड-१९ का कारण ठूलो संकट आए पनि फिलिपिन्सको स्वास्थ्य सेवा विभागले पोलियो खोप अभियान सफलतापूर्वक सम्पन्न गरेको थियो ।

खासगरी, युनिसेफ र विश्व स्वास्थ्य संगठन दुबैले पोलियो रोकथाम र नियन्त्रणका लागि स्वास्थ्य कार्यकर्ताको परिचालन र तालिमका लागि स्वास्थ्य सेवा विभागले लिएको अग्रसरताका लागि धन्यवाद पनि दिएका छन् । युनिसेफले फिलिपिन्सको स्वास्थ्य सेवा विभागका लागि खोप खरिद र ढुवानी, खोप निर्देशिका निर्माण, सामाजिक परिचालन समेतका विषयमा सहयोग गरेको थियो ।

(बाँकी अन्तिम पृष्ठमा)

## ७७ वटै जिल्लामा गृहको परिपत्र, पूर्वतयारीमा लाग्न निर्देशन

**झापा, जेठ २८ ।** गृह मन्त्रालयले कोभिड-१९ का कारण प्रभावित भएको मुलुकको आर्थिक गतिविधि चलायमान हुने गरी कार्ययोजनाका साथ अघि बढ्न ७७ वटै जिल्ला प्रशासन कार्यालय र सुरक्षा अधिकारीलाई निर्देशन दिएको छ ।

नवनियुक्त गृहमन्त्री खगराज अधिकारीले पदभार सम्हालेलगत्तै उनकै निर्देशन बमोजिम मन्त्रालयले ७७ वटै जिल्ला प्रशासन र निकायका अधिकारीलाई १२ बुँदे परिपत्र जारी गर्दै कोभिड-१९ नियन्त्रणमा सक्रियतापूर्वक लाग्न र आवश्यक योजना निर्माण गरी सुरक्षास्थितिलाई मजबुत बनाउन निर्देश गरेको हो । गृहप्रवक्ता जनकराज दाहालले मन्त्री अधिकारीबाट प्राप्त निर्देशन अनुसार परिपत्र जारी गरिएको जानकारी दिए । मन्त्रालयले सरकारले सञ्चालन गरेका विकास आयोजना तोकिएको समयमा सम्पन्न गर्न प्रभावकारी समन्वय, सहजीकरण एवम् अनुगमन गरी विकास कार्यमा तीव्रता दिन पनि भनेको छ । यसरी काम गर्दा स्वास्थ्य सुरक्षा मापदण्डलाई भने पूर्ण कार्यान्वयन गर्नुपर्नेमा जोड दिइएको छ ।

परिपत्रमा हालसम्मको निषेध आदेश कार्यान्वयनको समीक्षा गर्दै जनस्वास्थ्यमा नकारात्मक असर नपारी स्वास्थ्य मापदण्ड पालनाका साथ आर्थिक गतिविधि अगाडि बढाउने सम्बन्धमा पूर्वतयारीमा जुट्न भनेको छ ।

नागरिकको जीउधनको सुरक्षा तथा जिल्लामा भयरहित वातावरणको सिर्जना गर्न शान्ति सुरक्षामा खलल पुग्ने गरी कुनै पनि गतिविधि हुन नदिन, जिल्लामा घट्न सक्ने घटनाको सम्बन्धमा पूर्वसूचना लिई सोही अनुसार सुरक्षा योजना बनाई कार्यान्वयन गर्न पनि मन्त्रालयले अनुरोध गरेको छ ।

परिपत्रमा गृह मन्त्रालय र अन्तर्गतका सम्पूर्ण निजामती तथा प्रहरी कर्मचारीले उच्च मनोबलका साथ जनगुनासो नआउने गरी कानूनको पुर्णपालना गर्न, मानव अधिकारको प्रत्याभूति हुने गरी भ्रष्टाचारमा शून्य सहनशीलताको मर्म अनुरुप पारदर्शी रुपमा कार्य सम्पादन गर्न भनिएको छ । आगामी कात्तिक २६ र मंसीर ३ गते सम्पन्न हुने प्रतिनिधिसभाको निर्वाचन भयरहीत, निष्पक्ष र विश्वासिलो बनाउन सम्वद्ध पक्षबीच आवश्यक समन्वय गरी तत्काल निर्वाचन कार्ययोजना तयार गर्न पनि निर्देशन दिइएको छ ।

परिपत्रमा नेपाल सरकार मन्त्रिपरिषद्को वैशाख

(बाँकी अन्तिम पृष्ठमा)

समाल रियल स्टेट प्रा.लि.
जग्गा खरिद बिक्री केन्द्र
बिर्तामोड र अर्जुनधारा नगरपालिका विशेष
गोर्खा सुपर मार्केट छेउ, शनिश्चरे रोड, बिर्तामोड, झापा
प्रबन्ध निर्देशकः राजु समाल (L.B.) ०२३-५४३८७६, ९८०७९९९९००

बिर्ता आयुर्वेद एण्ड फिजियोथेरापी सेन्टर, अष्टाङ्ग आयुर्वेद फार्मेसी
दैनिक ओपीडी, क्षारसूत्र, पायल्स, फिसर, फिस्टुला, हाडजोर्नी, प्यारालाइसिस, नशा, माइग्रेन तथा अन्य जुनसुकै रोगको उपचारको लागि सम्पर्क : ९८०६०००३१३/०२३-५९०१६६

## आयुर्वेद चिकित्सकमाथि हातपात गर्ने पक्राउ

**झापा, जेठ २८।** प्रदेश आयुर्वेद अस्पतालका दुई चिकित्सकमाथि हातपात गर्ने तीन जनालाई प्रहरीले पक्राउ गरेको छ। अस्पतालको ढोका नजिक सामूहिक हातपात गर्ने तीन जनालाई प्रहरीले कालागाउँबाट पक्राउ गरेको हो। प्रहरीका अनुसार पक्राउ परेका तीनै जना नाबालक हुन्।

प्रदेश आयुर्वेद अस्पतालबाट घर फर्किने क्रममा अस्पतालका प्रमुख डा. शङ्कर रिजाल, डा. यादव उपाध्याय र वैद्य लोकप्रसाद रेग्मीमाथि सामूहिक हातपात भएको थियो। जिल्ला प्रहरी कार्यालय सुर्खेतका प्रहरी नायब उपरीक्षक एवम् प्रवक्ता रामप्रसाद घर्तीले मदिरा सेवन गरी हातपात गरेको खुल्न आएको र विस्तृत अनुसन्धानपछि थप वास्तविकता पत्ता लाग्ने बताए।

आयुर्वेद अस्पताल प्रमुख डा. रिजालले घटनाको अनुसन्धान गरी दोषीलाई कानून बमोजिम कारवाही गर्न कार्यालयको तर्फबाट प्रहरीसमक्ष लिखित निवेदन दिएका छन्। घटनामा अरु कुनैको संलग्नता छ कि नाबालकको यो समूह मात्रै हो भन्ने बुझ्न बाँकी छ- जिल्ला प्रहरी प्रवक्ता घर्तीले भने।

## पशुपन्छीबाट मानिसमा सर्ने १० जुनोटिक रोग सूचीकृत

**झापा, जेठ २८।** स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले पशुपन्छीबाट मानिसमा सर्ने १० रोगलाई प्राथमिकीकरणमा राखेको छ।

मन्त्रालयको इपिडिमियोलोजी तथा सरुवा रोग महाशाखाले प्रथम जुनोटिक रोगको प्राथमिकिरण राष्ट्रिय कार्यशाला गोष्ठीले पशुपन्छीबाट मानिसमा सर्ने १० जुनोटिक रोगलाई प्राथमिकीकरणमा राख्ने निर्णय गरेको हो। पशुपन्छीबाट मानिसमा सार्ने रोगलाई जुनोटिक रोग भनिन्छ।

महाशाखाका निर्देशक डा. कृष्णप्रसाद पौडेलले पशुपन्छीबाट मानिसमा सर्ने रोगको सूचीकृत गर्दा उपचार र नियन्त्रण गर्न सजिलो हुने बताए। उनका अनुसार इन्फ्लुएन्जा (जुनोटिक इन्फ्लुएन्जा, सिजनल इन्फ्लुएन्जा), रेबिज, कोरोना भाइरस, लेप्टोस्पाइरोसिस, ब्रुसेलोसिस, सालमोनेलोसिस, लेस्मिनियासिस, जुनोटिक क्षयरोग, सिस्टिमर्कोसिस/हाईडाट्रिडोसि र टोक्जोप्लास्मोसिस रहेका छन्।

# पोखरीमा डुबेर पाँच बालिकाको मृत्यु

*झापा, जेठ २७। माछापालनका लागि बनाएको पोखरीमा डुबेर धनुषामा पाँच बालिकाको ज्यान गएको छ।*

*मुखियापट्टी मुसहरनिया गाउँपालिका-६ स्थित खेतमा माछापालनका लागि पोखरी बनाइएको थियो। पोखरीमा पौडी खेल्ने क्रममा डुबेर पाँच बालिकाको मृत्यु भएको प्रदेश २का प्रहरी नायव महानिरिक्षक (डीआइजी) धिरजप्रताप सिंहले बताए। घटनास्थल जनकपुरदेखि २० किलोमिटर दक्षिणमा पर्छ।*

*डीआईजी सिंहका अनुसार लक्ष्मीपुर टोलका पल्टु यादवकी १२ वर्षीया छोरी लक्ष्मिनीया यादव, योगेन्द्र भगतकी १० वर्षीया छोरी चन्द्राकुमारी भगत, राजगिर पुर्वेकी १३ वर्षीया छोरी मञ्जु पूर्वे, जगरनाथ ठाकुरकी १२ वर्षीया नातनी चाँदनी ठाकुर र उत्तिम साहकी १२ वर्षीया छोरी ललिता साहको ज्यान गएको हो। पाँच जना बालिकाको मृत्यु भएपछि पूरै गाउँ शोकमा डुबेको छ।*

*स्थानीय हुलास यादवले खेतमा माछापालनका लागि पोखरी बनाएका थिए। पाँच जना बालिका बाख्रा चराउन गएका थिए। दिउँसोको गर्मीमा पौडी खेल्ने क्रममा उनीहरू डुबेको डीआईजी सिंहले बताए। एक जना डुबेपछि बचाउने क्रममा अरु पनि डुबेको हुनेसक्ने प्रहरीको अनुमान छ।*

## करेन्ट लागेर चार जनाको मृत्यु

**झापा, जेठ २८।** झापाको छुट्टाछुट्टै २ स्थानमा पानी तान्ने मोटर चलाउने क्रममा करेन्ट लागेर दुई जनाको मृत्यु भएको छ।

अर्जुनधारा नगरपालिका-३ बस्ने ८२ वर्षीया गलमाया खड्का आफ्नै घरको पानी तान्ने मोटर चलाउने क्रममा करेन्ट लागेर घाइते भएकी उनको उपचारको लागि बिर्तासिटी अस्पताल बिर्तामोड पुऱ्याउँदा मृत्यु भइसकेको थियो।

त्यस्तै कमल गाउँपालिका-७ लालधोन्द्रास्थित महेन्द्र धिमालको खेतमा पानी तान्न जडान गरिएको मोटर चलाउन गएका महेन्द्रका भाञ्जा मोरङ बेलबारी नगरपालिका-४का १४ वर्षीय सन्देश धिमालको सोही मोटरबाट करेन्ट लागेर गम्भीर घाइते भएका उनको उपचारको लागि लैजानै क्रममा बाटैमा मृत्यु भएको छ। घटना भएको दुवै स्थानमा प्रहरी टोली खटी गई थप अनुसन्धान भइरहेको छ।

उता सोलुखुम्बुको पत्तालेको मूल सडकमा क्रेनले ३३ केभीको विद्युत् लाइन छुँदा करेन्ट लागेर क्रेनमा सवार दुई जनाको घटनास्थलमा नै मृत्यु भएको छ।

सोलुदूधकुण्ड नगरपालिका-८ पत्तालेको सेतो माने नजिकै लोबेड गाडीमा सवार क्रेनले ३३ केभिए प्रसारण लाइनमा छुँदा सवार चारजना युवामध्ये घटनास्थलमै दुई जनाको मृत्यु भएको हो भने अन्य दुई जना घाइते भएका छन्।

मृत्यु हुनेमा लोबेड गाडी चालक बाग्लुङका २६ वर्षीय भूमिराज मरासिनि र क्रेन चालक स्याङ्जाका २४ बर्षीय राम परियार छन्। ग१ज ५१७३ नम्बरको उक्त गाडीमा सवार अन्य दुई जना घाइते भएको र घाइतेको उपचारका लागि अस्पताल पठाइएको जिल्ला प्रहरी कार्यालय सोलुखुम्बुका प्रहरी नायब उपरीक्षक कवित कटुवालले जानकारी दिए।

विगत केही वर्षयता निर्माणाधीन अवस्थामा रहेको ८६ मेगावाट क्षमताको सोलुखोला दूधकोशी जलविद्युत् आयोजनाको क्रेन मर्मत सम्भारका लागि लोबेड गाडीमा पोखरा लैजाने क्रममा हाइटेन्सन लाइनमा छुँदा दुर्घटना भएको हो। करेन्टका कारण गाडीमा आगो लागेको प्रहरीले जनाएको छ। हाइटेन्सनको तार होचो भएका कारण क्रेनले छुन पुग्दा घटना भएको हो। घटना सम्बन्धमा थप अनुसन्धान भइरहेको प्रदेश प्रहरी कार्यालय विराटनगरले जनाएको छ।

## फलामको पाइपले लागेर मजदुरको मृत्यु

पाँचथर, जेठ २८। पाँचथर हिलिहाङ गाऊपालिका १ स्थितमा रहेको अरुण भ्याली हाईड्रोपावर कम्पनीमा काम गर्ने मजदुरको फलामको पाईपले लागेर मृत्यु भएको छ।

मृत्यु हुनेमा गुल्मी सत्यवती गाऊपालिका २ का २९ बर्षीय मोहन राहादी मगर रहेका छन्। ३ मिटर गोलाई भएको अन्दाजी ४ टन वजन भएको फलामको पाईप बा३क ३८४५ नम्बरको क्रेनले उठाउने क्रममा क्रेनको साङली चुडिन गई मगरको घाटीमा पाईपले लागी घटनास्थलमानै मृत्यु भएको थियो। घटनाको जानकारी पाए लगत्तै जिल्ला प्रहरी कार्यालय पाँचथरबाट प्रहरी टोली खटी गई क्रेन अप्रेटर बारा संखुवाघाट गाउँपालिका-७का २८ बर्षीय अनिल लोप्चनलाई नियन्त्रणमा लिई थप अनुसन्धान भईरहेको छ।

## चीनमा कोरोनाविरुद्ध ८५ करोड डोज खोप लगाइयो

**बेइजिङ, जेठ २८।** चीनमा बिहीबारसम्ममा करिब ८५ करोड डोज कोभिड-१९ विरुद्धको खोप लगाइएको राष्ट्रिय स्वासथ्य आयोगले जनाएको छ।

विश्वमा हालसम्म संयुक्तराज्य अमेरिकामा ३० करोड ४८ लाख, भारतमा करिब २४ करोड, ब्राजिलमा ७ करोड, बेलायतमा करिब ७ करोड, जर्मनीमा पाँच करोड ७९ लाख, फ्रान्स र इटालीमा चार-चार करोड खोप दिइसकेका छन्।

विश्व स्वास्थ्य संगठनका अनुसार विश्वभर हाल ३७ लाख ८९ हजार व्यक्तिको कोरोनाभाइरसको संक्रमणबाट मृत्यु भएको छ। विश्वभर कूल १७ करोड ५६ लाख संक्रमित भएकामध्ये १५ करोड ९२ लाख संक्रमणमुक्त भएका छन्।

हालसम्म संयुक्तराज्य अमेरिकामा छ लाख १४ हजार, भारतमा तीन लाख ६३ हजार, ब्राजिलमा चार लाख ८२ हजार, फ्रान्समा एक लाख १० हजारको ज्यान गएको छ।

कोरोनाभाइरसको संक्रमणबाट जोगाउन खोप नै सर्वोत्कृष्ठ उपाय रहेको अध्ययनहरुले देखाएका छन्। तर विश्वका सबैजसो मुलुकमा समानुपातिक रुपमा खोप उपलब्ध हुन नसक्दा खोप लगाउने अभियानमा नराम्रो प्रभाव परेको छ।

### ७७ वटै ...

६, १३ र १९ गते कोभिड-१९ प्रतिकार्यसँग सम्बन्धी निर्णय एवं मन्त्रालयबाट भएका कोरोनासँग सम्बन्धित निर्णय एवम् निर्देशनहरुको प्रभावकारी कार्यान्वयन गर्न पनि अनुरोध गरिएको छ। जिल्लास्थित अस्पताल एवम् अक्सिजन प्लान्टमा आवश्यक सुरक्षा व्यवस्था मिलाउन र कोभिड-१९बाट सङ्क्रमित बिरामीको उपचारमा आवश्यक समन्वय गर्न पनि भनिएको छ।

कोभिड-१९ सङ्कट व्यवस्थापन सम्बन्धमा व्यवस्था गर्न बनेको अध्यादेश २०७८ बमोजिम प्रमुख जिल्ला अधिकारी कोभिड-१९ प्रतिकार्य अधिकारी मुकरर भइसकेको छ। त्यस्ता कार्य जिल्लामा प्रभावकारी रुपमा सञ्चालन गर्न निर्देशन दिइएको छ।

सीमा नाकासँग जोडिएका जिल्लाले नाकाबाट हुने आवागमनलाई व्यवस्थित गरी अभिलेख राख्न तथा यात्रुलाई अनिवार्य स्वास्थ्य परीक्षण गराएर मात्र नेपाल प्रवेश गर्न दिने व्यवस्था मिलाउन पनि भनेको छ।

परिपत्रमा नेपाल सरकारले तोकेको मापदण्डपालना गरी खोप व्यवस्थापनलाई प्रभावकारी बनाउन आवश्यक समन्वय र सहजीकरण गर्न भनिएको छ। जिल्लाभित्रको सुरक्षा स्थितिलाई मजबुत बनाई राख्न यस अघि मन्त्रालयबाट भएको निर्णय तथा निर्देशनलाई मध्यनजर गर्दै सुरक्षा समितिको नियमित बैठक राखी प्रभावकारी कार्यान्वयन गर्न र कानून विपरीतको क्रियाकलापमा संलग्न जोसुकैलाई कानून बमोजिम कारवाही गर्न भनिएको छ।

यसअघि नवनियुक्त गृहमन्त्री अधिकारीले गृह प्रशासनको सेवा चुस्त र प्रभावकारी बनाउन, चुस्त प्रशासनको प्रत्याभूति दिलाउन र शान्ति सुरक्षा सबल बनाउन मातहतका निकायलाई निर्देशन दिएका थिए।

### देश ...

अदालतको धारणा रह्यो। कार्यपालिका जसरी संविधानका सीमाहरू भत्काउँदै अघि बढेको थियो ती कामहरूलाई यसले रोक लगाएको छ।

उनी थप्छन्- प्रदेशसभा सदस्यको कारबाहीमा आवश्यक प्रक्रिया पूरा नगरेकोतर्फ सर्वोच्चको ध्यानाकर्षण भएको देखिन्छ। पार्टी लोकतान्त्रिक हुनुपर्छ भन्ने हाम्रो संविधानमा नै लेखेको छ। सर्वोच्च अदालतले राजनीतिक दलहरू आफू खुसी गर्न सक्दैनन् उनीहरू कानून बमोजिम चल्नुपर्छ भनेर अहिले स्मरण गराइदिएको मात्रै हो।

सर्वोच्च अदालतले नेपाल कम्युनिस्ट पार्टीलाई गएको फाल्गुनमा एकीकरण पूर्वको अवस्थामा फर्काएपछि प्रधानमन्त्री केपी शर्मा ओलीले बोलाएको आफू पक्षका केन्द्रीय सदस्यहरूको बैठकले दलको महाधिवेशन आयोजक समिति गठन गरेको थियो। त्यसलाई मान्यता नदिन माग गर्दै पूर्व प्रधानमन्त्रीद्वय माधवकुमार नेपाल र झलनाथ खनाल पक्षले निर्वाचन आयोगमा पत्राचार गरेका थिए।

**सत्तापक्षको प्रतिक्रिया के छ ?**

नेकपा एमालेका प्रवक्ता प्रदीप ज्ञवालीले सर्वोच्च अदालतका दुवै अन्तरिम आदेशहरूलाई आफूहरूले गम्भीरतापूर्वक लिएको भन्दै त्यसले मुलुकको राजनीतिक प्रणालीमाथि नै असर पार्न सक्ने बताए।

विक्रम सम्वत् २०५२ भदौ १२ गतेको फैसलाले नेकपा एमालेलाई मात्रै तत्काल असर गरेको देखिए पनि दीर्घकालमा राजनीतिक अस्थिरता निम्तिएको र प्रणाली नै समाप्त भएको उल्लेख गर्दै उनले अहिले पनि त्यही दिशामा मुलुक पुग्ने चिन्ता जाहेर गरे।

उनले भने- कर्णाली प्रदेशको फ्लोर क्रस सम्बन्धी विषयमा अदालतले जुन फैसला सुनायो त्यसले हाम्रो संविधानको मूल आधार स्तम्भ रहेको बहुदलीय प्रणाली, पार्टी संरचना र लोकतन्त्रका सबैभन्दा बलिया आधार स्तम्भ रहेका दलहरूका संस्थागत परिपाटीलाई पनि असाध्यै ठूलो धक्का पुऱ्याएको छ।

उनले थपे- महाधिवेशनले दिएको अख्तियारी प्रयोग गर्ने थलो केन्द्रीय कमिटीले आफूले आफैँलाई महाधिवेशन आयोजक समितिमा रूपान्तरण गऱ्यो। र महाधिवेशन आयोजक समितिले गरेका निर्णयलाई हामी आधिकारिक ठान्दैनौँ भन्ने जुन किसिमको आशय सहित फैसला आयो त्यसले पार्टीहरूका आन्तरिक निर्णय प्रक्रियामा समेत अदालत प्रवेश गर्न खोजेको देखिन्छ जुन साह्रै गम्भीर हो।

पछिल्लो निर्णयलाई कानुनी रूपमा प्रतिवाद गर्ने भन्दै उनले भने- यदि दलहरूले प्रत्येक कुरा अदालतलाई सोध्नुपर्ने अवस्था आयो भने त्यो निक्कै गम्भीर हो। हामी यस विरुद्ध कानुनी लडाइँ लड्छौँ। लामो समयसम्म संसद्ले नागरिकता सम्बन्धी विषय नटुङ्ग्याएकाले सरकारले नेपाली नागरिकका सन्तानले नागरिकता पाउन भनेर संविधानमा गरिएको व्यवस्था सुनिश्चित गर्न नागरिकता सम्बन्धी अध्यादेश ल्याएको पनि दोहोऱ्याए।

उक्त अध्यादेशमा २०७२ असोज ३ गते भन्दा पहिले जन्मका आधारमा नागरिकता लिएकाहरूको नाबालिग सन्तानलाई वंशजको आधारमा नागरिकता दिने र नेपाली नागरिक आमाबाट नेपालमा जन्म भई नेपालमा बसोबास गरेको र बाबुको पहिचान हुन नसकेको सन्तानलाई पनि वंशजको आधारमा नागरिकता दिने व्यवस्था गरिएको अधिकारीहरूले बताएका थिए। - बीबीसी

### ताप्लेजुङका ...

ढुङगा तथा शिवालय क्षेत्र संरक्षण गर्न रु १० लाख, मैवाखोला-५ स्थित डिमा ङ्यायुरगुम्बा संरक्षण तथा सम्बर्द्धन गर्न रु १० लाख, मैवाखोला-२ कालिदेवी मन्दिर संरक्षण तथा पूर्वाधार गर्न रु १० लाख, मैवाखोला-१ को सिंहदेवी नागपोखरी संरक्षण तथा सम्बर्द्धन रु.१५ लाख र आठराई त्रिवेणी-१को पेमदावा छ्योलिङ साङ गुम्बाका लागि रु. १० लाख विनियोजन भएको विभागले जनाएको छ।

यसैगरी विभागका अनुसार आठराई त्रिवेणी-५स्थित डाग्युर छेदेनलिङ गुम्बाका लागि रु. १० लाख, सिरिजङ्घा-२ को हरिजित सत्य धर्म मन्दिर संरक्षण गर्न रु. १० लाख, सिनाम सानो पाथिभरा भ्यु टावर निर्माण गर्न रु १० लाख र सुकुम्मा तुम्बायक धारा संरक्षण तथा सम्बर्द्धनका लागि रु. १० लाख विनियोजन गरिएको छ। मैवाखोला-६ को सिन्थेलुङ झरना पर्यटन पूर्वाधारका लागि रु. १७ लाख, होमस्टे प्रवर्द्धन मैवाखोला रु. १० लाख, मैवाखोला-२ पिरिङ्को फालेलुङ पर्यटन पूर्वाधार गर्न रु. १० लाख र वासाङलुङ पर्यटन पूर्वाधार निर्माण गर्न रु. १० लाख विनियोजन भएको छ।

यस्तै सिरिजङ्घाको मिरिङदेन झरना पर्यटन पूर्वाधार विकास गर्न रु १७ लाख, शान्ति संग्रहालय भवन निर्माण तथा व्यवस्थापन गर्न रु. १५ लाख, नेपाल भाषा तथा संस्कृति समाजको भवन निर्माण गर्न रु. १० लाख र फुङलिङ–११ को ऐतिहासिक शिलालेख संरक्षण तथा पूर्वाधार निर्माण गर्न रु १० लाख विनियोजन भएको छ। फुङलिङ-३को तिनबरेदेखि इन्डियन वेलफेयरसम्म पदमार्ग निर्माणमा रु. १५ लाख र फुङलिङ-१०मा चुच्चे ढुङ्गा पर्यटन पूर्वाधार निर्माण गर्न रु. १५ लाख विनियोजन गरेको पर्यटन मन्त्रालयले जनाएको छ।

### फिलिपिन्समा ...

पोलियो निकै संक्रामक र घातक रोग हो र यसलाई खोप लगाएर ठिक गर्न सकिन्छ। पाँच वर्षभन्दा कम उमेरका बालबालिका मुख्यरुपमा जोखिममा रहन्छन्। विश्व स्वास्थ्य संगठनका अनुसार हाल विश्वका दुई मुलुक अफगानिस्तान र पाकिस्तानमा यो रोग अझै व्याप्त छ।


**मनमोहन मेमोरियल पूर्वाञ्चल क्षेत्रीय सामुदायिक अस्पताल**
**बिर्तामोड, झापा**

## दरभाउ-पत्र आव्हान सम्बन्धी सूचना

**प्रकाशित मिति :- २०७८।०२।२८**

आ.व.२०७८/०७९ को लागि मनमोहन मेमोरियल पूर्वाञ्चल क्षेत्रीय सामुदायिक अस्पताल, बिर्तामोड, झापालाई तपशिलमा उल्लेखित सेवा सञ्चालन र सामग्रीहरु आपूर्ति गर्नुपर्ने भएकाले इच्छुक इजाजत प्राप्त सेवा सञ्चालक तथा सप्लायर्सहरुले आवश्यक कागजात समेत संलग्न राखी आफूले कवोल गरेको दररेट रकम अंक र अक्षरमा प्रष्ट बुझिने गरी उल्लेख गर्दै अस्पतालले उपलब्ध गराएको फारम यो सूचना प्रकाशित गरेको मितिले १५ दिनभित्र कार्यालय समयभित्र अस्पतालको प्रशासन शाखामा पेश गर्न आव्हान गरिन्छ।

सूचीकरण गरिएका सप्लायर्सहरु मध्ये प्राप्त दर भाउपत्रहरुलाई छानबिन गरी अन्तिम निर्णय गर्ने सम्पूर्ण अधिकार अस्पताल व्यवस्थापन समितिमा निहीत रहेको व्यहोरा समेत जानकारी गराइन्छ।

**तपशिल**
१. ल्यावका रिएजेन्ट, अन्य ल्याब आइटम तथा केमिकल्स
२. सर्जिकल आइटम, इन्स्टुमेन्ट
३. क्लिनीङ यूटिलीटी आइटम (सरसफाईका सामग्री)
४. स्टेशनरी सामान
५. छपाई सम्बन्धी काम
६. कम्प्यूटर, प्रिन्टर, पार्टस तथा टोनर रिफिलिङ
७. ईलेक्ट्रिक्स सामग्रीहरु
८. लण्ड्री सेवा
९. जेनेरेटर मर्मत सेवा र पार्टसहरु
१०. AC मर्मत सेवा र पार्टसहरु
१२. तोकिएका मेडिसिन
१३. डेन्टल आइटम
१४. अर्थो इम्प्लान्ट आइटम
१५. सेक्यूरिटी सेवा
१६. प्लम्बिङका सामग्री र मर्मत सेवा

**संलग्न गर्नुपर्ने कागजातहरु:**
- प्रदान गर्ने सेवाको विवरण
- कम्पनी/फर्म दर्ता प्रमाणपत्र
- स्थायी लेखा नम्बर प्रमाणपत्र (VAT/PAN)
- करचुक्ता प्रमाणपत्र

विस्तृत जानकारीको लागी सम्पर्क:
**मनमोहन मेमोरीयल सामुदायिक अस्पताल**
बिर्तामोड, झापाको प्रशासन शाखा (फोन नं. ०२३-५४५२५१)
E: manmohan.procurement@gmail.com
manmohan.memorial@gmail.com



## Teacher Wanted

Applications are invited for the following posts.
**Subject:** Economics, Marketting, Computer Science
**Level:** Secondary Level (+2) **Qualification:** Masters or equal
***For further Details***
**Pashupati Academy**, Shivasatakshi-8, Jhiljhile Jhapa
9804963210, 9842758158, 023-470405 (Office Hours)



## बिर्ता (सेफ्टी तथा ढल सफाई)

**बिर्तामोड, झापा**

(पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ।)

पूर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाइ गरिन्छ।




भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680

सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस्।





पूर्वाञ्चल दैनिक
श्रीअन्तु प्रकाशन (प्रा.)लि.
Purwanchaldaily.com

श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरुप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१)
■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा ■ बजार प्रतिनिधि: गोपाल अधिकारी-९८४२६९६११२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail.com

## कविता

# अवश्य उज्यालो हुन्छ




**तीर्थराज खरेल**

कोभिडको पीडाभित्र दुःखेको छ हाम्रो व्यथा ।
बोकेर अमिला आँसु वेदना छ हाम्रो कथा ॥
संसारको खुसी लुट्न, कोरोना नराखी शेष ।
यो विश्वमा आएको छ, बहुरूपी बदली भेष ॥
जताततै हाहाकार मृत्युको भय देखिन्छ ।
पाइलैपिच्छे छ मृत्यु, सन्त्रास मात्र भेटिन्छ ॥
आफन्त गुमेको दुःख कुन कलमले लेख्दछ ?
शोकाकुल यो आँसुको धारा को हेर्न सक्दछ ??
हुन त मानव मर्दछ, निश्चय नै कुनै दिन ।
जस्तो प्राकृतिक मृत्यु, हुँदैन मृत्यु यो किन ??
नभोगी जीवन धेर, गए नौजवानहरू ।
त्यागे जीवन स्वर्ण बलिष्ठ युवकहरू ॥
परिवारका आशाहरू, कुलका दीपकहरू ।
ती मुर्झाए भविष्य आशाका किरणहरू ॥
परिवारका मूल खम्बा जिउँदा देवताहरू ।
प्यारा संसारका स्वप्न श्रद्धाका देवताहरू ॥
ढले ती घरका जग, पछि नफर्किने गरी ।
बिजुली चम्के झैं स्वप्न, दिउँसै देखेझैं गरी ॥
घटेका घटना सब, होइनन् जस्तो लाग्दछ ।
ती कतै बसी नजिक, टाढा गएझैं लाग्दछ ॥
मन्त्री-प्रधानमन्त्री, पनि छोडेन यसले कतै ।
राजा र कोही पनि, छोडेन यसले कतै ॥
ठूलाठूला ती शस्त्रास्त्र, किन भुत्तेझैं लाग्दछ ?
अणुबम ती निस्तेज, कोरोना देख्दा भाग्दछ ॥
फतक्क गले क्षेप्यास्त्र, गल्यो अमेरिका पनि ।
बनी महाशक्ति राष्ट्र, झुक्यो नि रसिया पनि ॥
बेलायती साम्राज्य, त्यो नअस्ताउने घाम ।
भनी विश्वमा प्रशिद्ध, विस्तारको थियो काम ॥
बचेन यहाँ त्यो पनि, कोभिडको लप्कोभित्र ।
बुद्धको नेपाल भूमि, कोरोनाको सप्को भित्र ॥
संसारका सबै बम, पट्काउँदा एकै चोटी ।
मिल्थ्यो अवश्य जीत विजय कोरोनामाथि ॥
देखिन्न आँखाले शत्रु, लडाइँ लड्ने के गरी ?
दशौं लाख सेना पनि, भिड्ने ऊसँग के गरी ??
जीवन आज यो रूँदैछ, धर्तीमा बाँच्ने के गरी ?
मान्छे उपाय खोज्दैछ, पाउने मुक्ति के गरी ??
दोषारोपण मात्रै त, गरेर हुन्न के गरी,
मुक्तिको नवीन मार्ग, खोजी गर्ने कसो गरी ?
आज विज्ञान र ज्ञान, जुटेका छन् ती खोजमा ।
आशाले बाँच्नुपर्दछ, नसम्झी आफैं बोझमा ॥
अँध्यारो मनले हेर, अँध्यारै देखिन्छ सबै ।
उज्यालो मनले हेर, उज्यालै भेटिन्छ सबै ॥
भन्छन् कारक मानव, दुरात्मा कोरोना बनी ।
अनुशासन् माने मात्र, भाग्दछ कोरोना भनी ॥
तीन सूत्र तीन मन्त्र, मान अनुहार ढाक ।
आफ्ना हात धुने गर, दिनमा धेरै पटक ॥
छ फिटको दूरी राख, बसेर खुलास्थलमा ।
साथीभाइ जोगिएर, बस प्रकृतिस्थलमा ॥
राम्रा काम पूर्खाका सम्झ, बदल जीवन बानी ।
अनुशरण गरे मात्र, जोगिन्छ जीवन पनि ॥
हिमालका जडीबुटी बन्लान् औषधि भनी ।
भित्री आशामा बाँचेर आउला दीपक बनी ॥
औषधि सबैका लागि मृत्युञ्जयी नै बन्छ त्यो ।
खोप हो आशाको ज्योति प्रकाशपुञ्ज बन्छ त्यो ॥

– सुरुङ्गा, झापा

# राधा



**अमित संग्रौला**

राधा ,
तिम्रो र मेरो प्रेम
सृष्टिकै सुन्दर प्रेम हुनेछ
अथाह श्रद्धा भक्ति र
शुद्धताले भरिपूर्ण हुनेछ
सारा लोकका मान्छेले
अनौठो अनुभुति गर्नेछन्
हाँस्छन रुन्छन्-नाच्छन्
आफूलाई नै भुल्दै
प्रेमको अनुष्ठानमा रमाउँछन्
मेरी प्रिय राधा
तिम्रो र मेरो नाम जोडेर
भजन हुनेछ कीर्तन गर्नेछन्
तिम्रो र मेरो प्रेमको पूजा हुन्छ
मठ मन्दिर देवालयमा
मूर्ति बनाएर पुज्नेछन्
तिम्रो र मेरो प्रेम देखेर
अझ प्रेमको सौन्दर्य थपिनेछ
तिमी जहाँ-जहाँ जान्छौ
म तिम्रै वरिपरि हुन्छु
तिम्रो श्वास मन आत्मासम्म
दैडीरहेको हुन्छु देखिनौ
जहाँ राधा छिन्
त्यहाँनेर राधाकृष्ण छन्
त्यसैले मेरी प्रिय राधा
हाम्रो प्रेम फूल जस्तो ओइलिदैन
सँधै जुन जस्तो चम्किरहन्छ
युगौयुगसम्म बाँचिरहने छ
जता हेऱ्यो उतै प्रेम छ
सर्बत्र छ उनको प्रेम
भक्ति र श्रद्धाले भरीदिन्छ
त्यसैले जताततै राधाको प्रेम छ।

# स्वीकृत अपराध र बर्जित

**कथा**



**ऋषि शान्तिप्रिय**

टन्टलापुर घाममा एक्ले माझी एकोहोरो तमोरको पानीमा खेलिरहेको थियो। माथिबाट जति नै घामले पोले पनि तमोरको चिसो पानीले उसको हात र खुट्टाहरुमा शितलता प्रदान गर्दथ्यो। घरि-घरि जाल हान्दा पानी उछिट्टिएर केही थोपाले उसको अनुहार र शरीर समेत सिंचित गर्दथ्यो। त्यसैले पनि ऊ कुनै थकाई महशुश नगरिकनै दिनभरी माछा मार्न सक्थ्यो। उसले आज पनि त्यस्तै तीन चार शेर माछा मारिसकेको थियो।

- 'ए माझी, यहाँ आ त!' आवाजले झस्किएर पछाडि फर्किदा उसले दुई जना सरकारी मान्छे देख्यो। एक जना अड्डाका कर्मचारी जस्तो र अर्को सिपाही।
- 'हजुर!' करीब करीब कामेको स्वरमा डराउदै उसले ध्यान दृष्टि दियो।
- 'ताप्लेजुङ्गको देउलिङ्गे कता पट्टि पर्छ ?'- आगन्तुक मध्ये सिपाहीले सोध्यो।
- 'ऊ... त्यही देखिएको गाँउ त हो नि हजुर!'
- 'त्यहाँ भँडारी गाँउ कता पर्छ नि ?' सिपाही फेरि बोल्यो।
- 'देउलिङ्गेबाट उसो उसो कर्यु कर्यु उकालो जाँदा पुगिहालिन्छ, तेस्तै एक घडि त लाग्ला नि हजुर!
- 'लु खोलो तारिदे त!' अलि जरखरिएको स्वरले अड्डाको मान्छेले भन्यो।

उसको मनमा अनेक आशंका बढ्न थाल्यो। किन यति टाढाबाट सरकारी मान्छे आए ? यो पक्कै पनि शुभ होइन, फेरि भँडारी गाँउ नै किन चाहिएछ, यिनलाई! कसले के विगाऱ्यो। कतै शत्रु लागेर झोस पोल पो पऱ्यो कि! मन मनै अनेक तर्कना गर्दै आगन्तुकलाई एक्लेले पारी तारिदियो। पारी तरेपछि उनीहरु फटाफट हिँडिरहें। जंगलले नछेकुन्जेल उसले हेरिरह्यो तिनीहरुलाई।

एक महिना भयो होला कान्छा भँडारी खसेका। बुढा पनि साह्रै नै बुढा भएर बिते बिचरा! गाँउकै बुढा थिए होलान हौ। कान्छी मुखिनीले पनि साह्रै धेरै सेवा गरिन्। के गर्नु तिनको कर्मै खोटो। कस्तो लाँउ लाँउ र खाँउ खाँउको उमेरमा बुढासँगै पोलिनु पऱ्यो। यो छेत्री बाहुनको रीति पनि कस्तो हो कोनि! उसको छोरो जेठो! कस्तो निर्दयी! बाबुलाई दागबत्ति दिंदा त लौ रोएन, भरभराउदो उमेरकी आमालाई कसरी पोल्न मनले मानेको हो! हुन त सौतेनि आमा! छ्या कस्तो चलन हो यो सति पोल्ने! एक्ले एक्लै फतफतायो भँडारी गाँउको कुरा सम्झेर। 'हे भगमान, कुनै दिन त यो मूलुकका राजाले सति नपोल, भनेर हुकुम छोडे पनि त हुन्थ्यो होला। खै उहिल्यै मान्देब राजाले आफ्नी आमालाई बाबुको सति जान दिएनन् थे भन्छन। तर के गर्नु कहाँको राजा, कहाँ यो जंगलामुलुकका रैति! दशवर्षे काखको छोरो छोडेर जिउँदै जलिन कान्छी मुखिनी बिचरा!' उसको आँखा अघि कान्छी मुखिनीको चिच्च्याहट र मुखियाको चिताको डरलाग्दो आगो नाच्न थाल्यो। किन हो कुन्नि, यस्ता कयौं लाश पोलेको देखेको छ उसले। तर, त्यो घटना सम्झदा उसका आँखा रसाइहाल्छन्। एक्ले आँखा मिच्दै रुखको सियाँलमा बस्यो।

'खै धर्म, धर्म भन्छन्। यो धर्म हो कि होइन, त्यसरी भरिलो बैसकी आइमाई पोल्ने धर्मले के उँभो लाउला र! झन् दुई साता अघि चाँगे तिरका मल्हामीले कस्तरी सतिलाई ढुङ्गाले हानी हानी लडाएर बेहोस पारी आगोमा हालेका थिएँ। उफ तिनेर्को धर्म! सब मल्हामीहरु राक्षस जस्तै देखिएका।' एक्लेले सियाँलमा बसेर सम्झियो।

एक्लेले मुखिनीलाई सँधै देख्थ्यो, तिरो तिर्न जाँदा। मुखिया र मुखिनीको जोडी नमिलेको देखेर ऊ सधै हैरान हुन्थ्यो। उसको पापी मनमा मुखिया मरे पछि मुखिनीलाई आफ्नी बनाउने कल्पना पनि कति पल्ट आयो - गनेर साध्यै छैन। के गर्नु उसका आँखै अघि उसकी कल्पनाकी प्रेमिकाको जीउ आगोले निल्यो।

- आ! आजुलाई पुग्यो अब, घर जानु पर्ला। बिर्सेर उसले ठूलो स्वरले बालिपठाया। जाललाई सम्हालेर डुङ्गामा राख्यो। दिनभरी मारेको माछा पोको बाँधेर जालसँगै राख्यो र डुङ्गा खियाउन थाल्यो। केही बेरमा बगर एक्लो भयो। एक्ले भन्दा पनि एक्लो।

घर त भन्यो नि!, एक्लेको पनि के घर भन्नु, एक्लो ढेडुको गुड भने पनि हुन्छ। झुक्किएर आफू एक्लै फतफताउनु बाहेक उसले कहिल्यै बोल्नु पर्दैन, कसैलाई अह्राउनु पर्दैन, बोलाउनु पर्दैन। उसलाई कसैले बोलाउदैन। कैले काही त महिनौ दिनसम्म मान्छेको आवाज नसुन्दा ऊ आफ्नै आवाज समेत चिन्दैन। साँच्चै, महिनौ बोलिएन भने आफ्नो आवाज आँफैले चिनिएला त!

कमसे कम एक्लेले आफ्नी आमालाई जिउदै पोल्नु परेन। ऊ करीब दशवर्षको हुँदा उसको बाबुभन्दा पहिला नै आमा मरिन्। आफ्नी आमा आँफै मर्न पाएको सम्झेर एक्ले हर्षित बन्छ। कति फरक छ जिउँदै जल्नु र कालले लानुमा। कति फरक छ मर्नु र मारिनुमा। मातृहत्याको कसुर गरेन उसले।

एक्ले सोह्र वर्षको हुँदा उसको विहे भयो। विहे पछि चौध वर्षकी गोरीलाई माया गर्ने मौका पायो। कति मीठो र मायालु थियो जीवन। घरमा जहान हुनु भनेको स्वर्गको भोग नै रहेछ। बाबु, छोरा, बुहारी, सानो परिवार भए पनि सुखी परिवार थियो। सबै दुःख अभाव, पीडाहरु मायाले भुलाइदिदो रहेछ। सबै काल सधै भरी सबैको जीवन यस्तै हुनु नि! साँच्चै भन्नु पर्दा गोरीलाई अँगालो हालेर रातमा मात्र हैन दिनमा पनि कति धेरै माया गर्दथ्यो ऊ। यस्तो लाग्थ्यो ग्रन्थमा लेखिएका अतिरञ्जित प्रेमकथाहरु सब मिथ्या हुन्। साँच्चै स्वर्गीय प्रेम हेर्न एक्लेकै घरमा जानु पर्थ्यो।

समयको गति सँधै एकनासको कहाँ हुन्छ र! दैवले एक्लेको खुशी पन्ध्र महिना पनि हेर्न सकेन। सुत्केरी व्यथासँगै गोरीले आफ्नो सबै व्याथा लुकाइदिई। गोरीकै प्रतिमुर्ति थिई उसकी भरखर जन्मेकी छोरी पनि। तर पनि उसले धर्ती भन्दा स्वर्ग नै मनपराई। साह्रै छोटो समय सास लिएर - उसले आँखा उघार्नै सकिन। त्यो साउनको भयंकर रातको संझनाले एक्लेलाई घर भित्र छिरे पछि चिमोट्न थालिहाल्छ। त्यसै वर्ष पुषको स्याँठले उसको बाबुलाई पनि खायो। कुनै जराबुटाले भेटेन। धामी झाँक्रीलाई पनि कालले टेरेन। आखिर एक्ले त्यसैबेला देखि एक्लिएको थियो। घरमा एक्लो रहेकोले गाँउलेहरुले एक्ले नाम राखिदिए। उसलाई दोभानको घाटमा आउनेजति सबैले एक्ले माझी भनेर चिन्दछन्। प्रत्येक रात छानामा झुण्डिएका बँदियाको त्यान्द्रो हेरेर आफ्नो विगत नियाल्नु, मनमा कुरा खेलाउदा खेलाउदै निदाएर आफ्नो जीवनको त्यान्द्रो भोलिका लागि नचुडाइ जतन गर्नु नै उसको रातचर्या हो। दिनचर्या त बरु सुखमय नै छ। दिनभरी माछा मार्यो, एक्लै तमोरको चिसो पानीमा खेल्यो। कोही बटुवा आएभने पारी तारिदियो। उसका कर्म र धर्म तिनै हुन्।

त्यो रात उसले गोरीलाई गौण र कान्छी मुखिनीलाई प्रधानता दियो, सम्झनका लागि। गोरीले उसलाई साह्रै माया गर्थी तर समयले त्यो माया पनि फिका पारेछ कि क्या हो। फेरि दैवले नै चुडे पछि जति माया गरेर, सम्झेर नै के गर्नु! बरु कान्छी मुखिनी एक्ली भएकी थिइन्-राम्री र तरुनी पनि। उनलाई देख्दैमा कति चोटि कुतकुत उठ्थ्यो। विधवा भइन भने यिनैलाई लिएर भाग्नु पऱ्यो। कति चोटि बिर्सेर एक्लै फतफताएको थियो एक्ले। ऊ कान्छी मुखिनीमा गोरीको आभास पाउथ्यो। तिनै मुखिनीले गर्दा त हो नि, गोरीलाई सम्झेर रुन छाडेको। गोरी र सास फेर्न नसकेकी छोरी सम्झेर नौ-नारी गलेर आए पनि ढिंडो - रोटो पकाएर खाने जाँगर तिनै कान्छी मुखिनी सम्झिएपछि मात्र आउँथ्यो। त्यसो त ऊ कहिल्यै घरमा मुख धुने, नुहाउने, लुगा धुने गर्दैनथ्यो। उसको शरीर र बस्त्र दुबै तमोरको पानीले सफा बनाउँथ्यो, बगरको घामले सुकाइदिन्थ्यो।

भोलिपल्ट बिहान एक्ले निकै नै ढीलो गरी उठ्यो। रातभरी मनमा कुरा खेलाएर बसेपछि बिहानीपख निदाएको थियो। उठेर हतार हतार अँगेनामा आगो सल्कायो। हिजो मारेका माछा शिलमा उनेर अँगेनामाथि टाँग्यो। च्यादानीमा पानी ततायो। कसौंडीमा अलिकति ढिंडो ओडाल्यो। बेलुकै माछा पकाएर राखेको थियो, अलिकति पानी र नुन थपेर ततायो। मर्न सकिदैंन, के गर्नु बाँच्नलाई खानै पर्यो। सोच्यो - आज चै कति माछा मारिएला, गाउँ तिर लगेर मकै साटेर ल्याउनु पर्ला, के गर्नु छाक टार्नै पर्यो।

दिउँसो खोलामा माछा मार्दै गरेकोबेला भोलिपल्ट पनि एक्ले तमोर कै पानीमा देखियो। एकोहोरो बगेको जलप्रवाहले स्वाँ... को अझ एकोहोरो ध्वनी प्रवाह गरिरहेको थियो, जसले गर्दा काममा लागेपछि सामान्यतया वारी पारी के भइरहेछ, थाहा हुदैनथ्यो। कसैले पारीबाट औंलाको सिट्ठी बजाउँदा ऊ झस्कियो। -स्वी...। हिजो तरेर जाने सरकारी मान्छेहरु नै रहेछन्। तर आज उनीहरु एक्लै थिएनन्। साथमा अरु पनि कोही थियो। नदी किनारामा आइपुगे पछि उसले नियाल्यो- कान्छा मुखियाको जेठो-चन्द्रकान्त र हरि काकालाई हतकडि लगाइएको छ। एक्ले आश्चार्यले केहीबेर हेरेको हेर्यै भयो। 'छिटो गर!' भन्ने भावयुक्त अलि कठोर संकेत पछि ऊ हतार हतार डुङ्गा बाँधेको डोरी फुकाउन थाल्यो।

सानो डुङ्गा भएकोले एकपटकमा दुई जना भन्दा तार्न नसक्ने बिन्ति बिसायो एक्लेले। यसको पछाडि रहस्य प्रतिको जिज्ञासा मेटाउन सकिन्छ कि भन्ने थियो उसको मनमा। यिनीहरुलाई किन पक्डिएको हो भनेर सोध्ने आँट कहाँ पुग्थ्यो र ?

- 'लु तेसो भा, यिनीहरुलाई पारी पुऱ्याएर आ त।' अड्डाको कर्मचारीले हप्कायो।

उसले कल्पना गरे जस्तै उत्तर आएकोले मन मनमा खुसी हुँदै उसले चन्द्रकान्त र हरि काकालाई डुङ्गमा बस्न संकेत गर्यो। हातमा हतकडी भएकोले असजिलो गरी दुई काका-भतिज डुङ्गामा बसे। एक्लेले किनारामा बहानाले ठेलेर पानीको प्रवाहमा आफ्नो डुङ्गा पुऱ्यायो।

ए काका, के कसुर गऱ्यौ हौ ? अनि पक्डियो त ?, एक्लेलाई आफ्नै गाँउका मान्छेसँग त्यति जिज्ञासा राख्न कुनै गाह्रो थिएन।

खै! नखा विष भनु भने खाकै हो, तै पनि देउताको पाला देखि चलेको रीत भनिया- हरि काकाले भने।

आ! काका, मैले त छेउ टुप्पो केही बुझिन हौ। एक्ले ले कुरो बुझेन।

'कान्छी आमालाई सति पोल्यौं अरे। सति पोल्नु पाइँदैन रे अब।' चन्द्रकान्तले प्रष्ट पारिदियो।

'उहल्यै १० सालमा श्री ३ ले तेस्तो नियम बाँधेका रैछन्, खै हामी त यो जंगलामुलुकमा बसेर केही थाहा पाँउदौन।' हरि काकाले अलिकति गल्ती नै गरेको भावमा खुईय गरे, मानौ त्यो सुस्केराले अन्जानमा गरेको अपराध क्षमा गर्छ।

एक्लेले कति सति पोलेको देख्यो गनेर साध्यै छैन।

**यो घटनाको करिब १ वर्ष पछि श्री ३ बीर समशेरले जंगबहादुरको मूलुकी ऐनमा उल्लेखित सति प्रथा सम्बन्धि नियमहरुलाई पुर्नलेखन गरी 'सति प्रथा नियन्त्रण गर्ने १९४४ सालको इस्तिहार' जारी गरी व्यापक प्रचार प्रसार गरे।**

# कोरोना संक्रमणको

**डायरी**



**नरेन्द्र ढकाल**

वैशाख महिना धेरै नयाँ योजनाका साथ कामहरुलाई अघि बढाइरहेका बेला दोस्रो लहरको रुपमा फैलिएको कोरोनाले नेपाल पनि अछुतो रहेन्। पूर्व तयारी गर्नु र नागरिकको स्वास्थ्य सुरक्षाको ग्यारेन्टी गर्ने समयमा सत्तासीन राजनीतिक दलका नेताहरु नै नाटक र नौटङ्की भन्दै एक अर्काको बिरोधमा उत्रिए। उनीहरुको पक्ष र विपक्षमा विभाजित कार्यकर्ता नेतालाई खबरदारी गर्नुको सट्टा सर्मथन र विरोधमा जुलुस निकाल्लन थाले। भारत कोरोनाको दोस्रो लहरले आक्रन्त बनेको अवस्थामा समेत नेपालमा तयारी नथालेको कारण यो दुर्भाग्य भोग्नु परेको हो। सञ्चार क्षेत्रमा क्रियाशील पत्रकारहरुले नागरिकको स्वास्थ्यमा ध्यान दिन पटक-पटक समाचारमार्फत सरोकारवालाको ध्यानाकर्षण गराएकै हो। सोही क्रममा यो पंक्तिकार समेत गत वैशाख १४ गतेबाट कोरोनाको संक्रमणले ग्रस्त हुन पुग्यो।

हुने हार दैव नटार भने झैं जे हुनु छ त्यो भएरै छाड्छ। सुरक्षित बस्ने र सावधानी अपनाएकै हो तर, सानो कमजोरीले निकै ठूलो दुर्घटनाको सामना गर्नुपऱ्यो। सदा झैं वैशाख १३ गते पूर्वाञ्चल राष्ट्रिय दैनिकको कार्यालयबाट कोठा आइपुगें। गर्मी मौसम नुहाएर सँधैझैं खाना खाएँ र अनलाइनको कामलाई निरन्तरता दिएँ। त्यसबेला भने शरीरमा असहजता शुरु भइसकेको थियो। शरीर अत्यधिक रुपमा दुख्न शुरु भयो। त्यसपछि काम सकेर सुतें। रातको लगभग १ बजेतिर अत्यधिक तिर्खा लागेको रहेछ। निद्राबाट व्युँझिएर चिसो पानी खाएँ, त्यस बेला भित्री ज्वरो शुरु भएको थियो। मौसम परिर्वतनले गर्दा शरीरमा थकान र ज्वरो आएको होला भनेर फेरि सुतें। बिहान उठ्दा शरीर निकै गलेको थियो। म भन्दा अगाडि उठेर भाइले चिया र तातो पानी तयार गरिसकेको थियो। म पनि उठेर फ्रेस भएपछि चिया पानी खाँदै भाइलाई भनें- मेरो शरीर असहज भइरहेको छ, कतै मलाई कोरोना त लागेनँ ? तँ सुरक्षित हुनु है ल भनें।

बैशाख १४ गते बिहान खाना खाएर अफिस जाने तयारी गर्दै गर्दा मनले भन्यो मेरो कारणले कसैलाई कोरोना सऱ्यो भने म दोषी हुन्छु भन्ने डर लाग्यो र दुई वटा मास्क लगाएर अफिस जाँदै गर्दा ओम झापा मेडिकलका सञ्चालक सुरेश खतिवडाई फोन गरें- कता हुनुहुन्छ ? जवाफ आयो- म होम आइसोलेसनमा छु। ज्वरो आएको छ, आज एन्टीजेन टेस्ट गर्न जान्छु भन्नु भयो। मैले पनि शरीर थाकेको र भित्री ज्वरो आएको बताएपछि बिर्तामोड नगरपालिकाद्वारा सञ्चालित नगर अस्पतालमा परीक्षण गर्ने सल्लाह भयो। बिर्तामोडस्थित स्वास्थ्य शाखामा कार्यरत दीपक सापाकोटामार्फत नाम टिपोट गरायौं। म अफिस पुगें र सबैलाई आफूलाई शरीरमा असहजता भएको जानकारी गराएँ। सबै सर्तक रहन आग्रह गरें। १ बजेसम्म काम गरेर बिर्ताबजार कोरोना परीक्षण गर्न हिंडे। टेम्पोमा सुरेश खतिवडा र म गयौं। नगर अस्पतालमा पुगेर एन्टीजेन परीक्षण गर्न बस्यौं। एक मनले भन्छ कोरोना, अर्को होइन भन्दै दोमन भइरहेका बेला किट नम्बर ५५ नरेन्द्र ढकाल कोरोना पोजेटिभभन्दा निराश बन्न पुगें। संगै जानुभएका सुरेश खतिवडाका नेगेटिभ आयो। त्यस पश्चात सामान्य सिटामोल लगायतका औषधिका साथ हिंड्दै फर्कियौं। सोही क्रममा पूर्वाञ्चल दैनिकका सहसम्पादक सुरेन्द्र भण्डारीलाई आफू संक्रमित भएको र अफिसमा कम्प्युटर बन्द गरिदिनका साथै सबै सहकर्मीलाई जानकारी गराउन आग्रह गरें। घरमा फोन गरें,



गुर्जो लगायतका जडीबुटी पठाइ दिन आग्रह गरें। हिंड्दै कोठा आएर सबैलाई जानकारी गराएर आफू संक्रमित भएको र जोगिन अनुरोध गरें। संगै बस्ने भाइ तेजेन्द्रलाई अर्को भाइ सन्दीप न्यौपानेको कोठमा बस्न आग्रह गर्दै आफूलाई तातो खानेकुरा पकाएर दिन भनें।

यसरी नै त्यो दिन बित्यो। वैशाख १५ गते बिहान कोटीहोममा गएर पीसीआर परीक्षणका लागि स्वाव दिएर आएँ। बेलुका ५ बजेतिर फोन गरेर बुझ्दा उल्टै प्रश्न गरियो- तपाईंलाई कस्तो छ ? मैले भनें- अहिले ठीकै छ, हल्का ज्वरो छ, शरीर दुखेको छ। यति भनिसकेपछि भनियो- तपाईंको सीटी भ्यालू ११ मात्र छ। संक्रमणको उच्च जोखिमम हुनुहुन्छ। अरुलाई सर्ने सम्भावना पनि बढी छ, तपाई पनि डाक्टरको निगरानीमा बस्नुहोला। लगत्तै अफिसमा जानकार गराएँ। त्यसदिनसम्म पनि आफू कोरोना जित्ने तर मेरो कारण कसैलाई संक्रमण फैलिने त होइन भन्ने चिन्ता लागि रहेको थियो। बेलुका प्रधानसम्पादक एकराज गिरी सहसम्पादक सुरेन्द्र भण्डारी, व्यवस्थापक चन्द्रकान्त ढकाल डेस्क सम्पादक लक्ष्मण ढकाल, कम्प्युटर प्राविधिक सन्तोष अधिकारी, कार्यकारी व्यवस्थापक होमप्रकाश अधिकारी बजार व्यवस्थापक लीला आचार्य, बजार प्रतिनिधि गोपाल अधिकारी, फोटो पत्रकार बिनोद पाण्डेलगायतले स्वास्थ्य अवस्थाको विषयमा जानकारी लिनुभयो। त्यस बेलासम्म सहज नै थियो।

तर, रातिबाट ज्वरो र टाउको दुखाइ बढ्न थाल्यो समस्या बढ्दै गयो। तीन दिनसम्म ज्वरो १०४ डिग्रीसम्म आइरह्यो। त्यो समयमा मलाई विभिन्न व्यक्तिहरुले फोन गरेर स्वास्थ्य लाभको कामना गरिरहनुभएको थियो। सबैलाई चिन्ताको विषय बन्यो। अब के गर्ने ? के हुन्छ ? अमृत मेडिकलका सञ्चालक गौरीशंकर गुप्ता(टिङ्कु)ले विभिन्न औषधि पनि पठाइ दिनुभयो। मेरा प्रिय भाइहरु रातको १ बजेसम्म पनि औषधि लिन र अब के गर्ने भन्दै छट्पटिरहेक थिए। निकै गाह्रो बनाएको अवस्थामा पत्रकार महासंघ झापाका अध्यक्ष समेत रहनुभएका प्रधानसम्पादक एकराज गिरी, उपाध्यक्ष केशव भट्टराई लगायतले निरन्तर स्वास्थ्यको जानकारी लिँदै डाक्टरसँग परामर्श गरिरहनुभयो सहसम्पादक सुरेन्द्र भण्डारी र प्रिय भाइ सन्तोष अधिकार कोठामै आएर केही हुन्न भन्दै सान्त्वना दिँदैं जानुभयो।

यस अवधिमा सञ्चार क्षेत्रका अग्रज व्यक्तिहरु, व्यवसाय क्षेत्रका विभिन्न व्यक्तिहरु, सामाजिक, राजनीतिक

# प्रेम

आफू जान्ने भए पछि उसले देखेको रमिता नै त्यही त हो। यो ठीक वा गलत भनेर कहिल्यै बिचार गरेन। तर कान्छी मुखिनीलाई भने नपोलेको भए हुन्थ्यो भन्ने उसलाई लागिरह्यो। उसको लागि त कान्छी मुखिनी मुखिनी मात्र थिइनन्, उनी त जीवनको त्यान्द्रो नचुडाउनलाई मलहम थिइन्। उसले उनलाई गोरीको स्थानमा राखेको थियो।

- 'कान्छो छोरो सोह्र वर्ष मुनि, कान्छी छोरी ५ वर्ष मुनि भएका आइमाई र गर्भिणी स्त्रीलाई सति जान दिनु हुँदैनथेछ। फेरि अड्डामा जाहेर गरेर, स्वीकृति लिएर मात्र सति जान, पोल्न पाइने अरे। के गर्नु यस्तो कुरो हाम्लाई था भकोभा, त्यो घनश्याम भर्खर १० वर्षको हुँदैछ। एक किसिमले त हामी अपराधी नै भयौं तै अज्ञानता प्रति केही निगाह हुन्छ कि ! एक पटक चै वडा हाकिमको पाउ पर्नु पर्यो। ज्ञान मात्र भा भए हाम्रो मनमा पनि दया नै नभएको त कहाँ हो र !' हरि काका एक्लै फत्फताए।

यतिबेरमा डुङ्गाले अर्को किनारा छोइसकेको थियो। दुई अभियुक्तलाई त्यही छोडेर फेरि पारीको यात्रामा निस्कियो एक्ले।

अड्डाको कर्मचारी र सिपाहीलाई खोले तार्दै गर्दा सिपाहीले भन्यो- 'तिमी चाँहि सँधै यही घाट कुरेर बस्छौ ?'

'हजुर, दिनभरी यतै हुन्छु'- विन्ती बिसाउदै उसले उसले उत्तर दियो। 'गाँउको पुछारमा छ हजुर, एक्ले ढेडुको गुँड।'

- 'याँ आउने सबैलाई सति पोल्न नपाउन्या नियम बाधेको छ - राजाले, भन्नु। सबै घाटका माझीहरुलाई यस्तै भन्न खबर गरिदिनु। बदमासहरु, सँधै जंगली भएर हुन्छ ? उता श्री ३ महाराजले बाँधेको तेत्रो ऐन, थाहा भएन भनेर हुन्छ ? तिनेर्को रीति !' कडा स्वरमा कर्मचारीले आदेश दियो।

- 'एति राम्रो नियम रैछ साहेब, भेटेसम्म सम्झाउँछु मान्छेहरुलाई। मलाई पनि पुण्यै होला।' एक्लेले आफूले आज्ञा पालन गरेको प्रष्ट पार्‍यो।

एक्लेले कुराका चुरा बुझेकाले मनमनै खुसी देखिया। खुसी यसकारण पनि देखियो कि आफ्ना अव्यक्त प्रेमिकाका अपराधीलाई सिपाहीले पक्डिएर लगेको थियो। खोला तरेपछि चारजनाको टोली नाकेडाँडाका टुप्पामा पुगुञ्जेलसम्म हेरिरह्यो एक्ले। उनीहरू छेकिएपछि किन हो उसका मनमा झिलिक्क बत्ति बलेको अनुभव गर्‍यो। माछा मार्न छाडेर उसले पनि गाँउको बाटो ततायो।

यो घटनाको करीब १ वर्ष पछि श्री ३ बीर समशेरले जंगबहादुरको मूलुकी ऐनमा उल्लेखित सति प्रथा सम्बन्धि नियमहरुलाई पुर्नलेखन गरी 'सति प्रथा नियन्त्रण गर्ने १९४४ सालको इस्तिहार' जारी गरी व्यापक प्रचार प्रसार गरे। कयौं प्रति छपाएर गौंडा, गोस्वरा, थुम, प्रगन्ना र गाँउगाँउमा टाँस्न पठाए। पछि चन्द्र समशेरका पालामा आइपुग्दा कता कति थारै मात्रमा मात्र बाँकी थियो यो कुप्रथा। त्यसका समेत नियन्त्रण गरी सति प्रथाको अन्तको घोषणा भने उनै चन्द्र शमसेरले गरे।

# सेवामा सक्रिय मारवाडी महिला मञ्च



आगलागी होस् या त बाढी पहिरो नै किन नहोस् जहाँ विपद् आई लाग्छ त्यहाँ निस्वार्थ सेवा गर्ने पुग्ने एउटा समुदाय हो मारवाडी। यही समुदायले आज पनि कोभिडको यो विषम् परिस्थितिमा अस्पताल- अस्पताल र गाउँ-गाउँमा पुगेर निःशुल्क खाना वितरण गरिरहेको छ। अझ यो काममा मारवाडी सामुदायका महिला अगाडि छन्। जसको नेतृत्व गरिरहेको छ- मारवाडी युवती मञ्चले। यसै विषयमा मारवाडी युवती मञ्चकी संयोजिका **मुनमुन अग्रवाल**संगको कुराकानीको केही सम्पादित अंश।

**कोभिडको यो विषम् परिस्थितिमा के गर्दै हुनुहुन्छ ?**

- विश्वव्यापी रुपमा देखिएको नयाँ भेरियन्टको कोभिडका कारण नेपाल पनि अछुतो रहन सकेन। यस्तो विषम परिस्थितिमा धेरै नेपालीले ज्यान गुमाएका छन्। अहिले पनि धेरै नेपाली कोभिडका कारण विरामी बनेर मृत्यु शय्यामा छट्पटाइरहेका छन्। उनका आफन्त कोही खान नपाएर छट्पटाइरहेका छन्। यस्तो देखिसकेपछि हामीले पनि समाजका लागि अर्थात् त्यो समुदायका लागि केही गर्नु पर्छ भन्ने सोच बनाएर अघि बढ्ने प्रण गर्‍यौं। शुरुमा हामीले अस्पतालमा खाना खान नपाएर भोकभोकै विरामी रुँग्ने कुरुवालाई लक्षित गरेर निःशुल्क खानाको व्यवस्था गरेका थियौं। पछि समुदायमा पनि विपन्न नागरिकको जनजीवन कष्टकर छ भन्ने खबर पाएपछि हामीले समुदायमा पुगेर निःशुल्क खाना वितरण गरिरहेका छौं।

**सामाजिक काममा यहाँहरुको भूमिका अरु समयमा पनि थियो नै। अझ यो विषम् परिस्थितिमा अप्ठ्यारोमा परेकाहरुलाई सेवा गरेको सुन्दा खुशी लाग्ने नै भयो। अहिलेसम्म कहाँ–कहाँ र कस्ता कस्ता नागरिकलाई यहाँहरुले सहयोग गरिरहनु भएको छ ?**

- हामीले शुरुमा बिर्तासिटी अस्पताल, मनमोहन अस्पताल र मेची प्रादेशिक अस्पतालमा बिरामी र विरामीका आफन्तलाई निःशुल्क खानाको व्यवस्था गरेका थियौं। पछि बिर्तामोड नगरपालिकाका कर्मचारी आदरणीय दाइ मेघराज बास्तोलाको समन्वयमा बिर्तामोडको विपन्न एक समुदायमा पुगेर यो काम गरिरहेका छौं। इलाका प्रहरी कार्यालय दक्षिण मेघावारी नजिकैको गाउँमा अहिले पनि हामी निरन्तर निःशुल्क खाना खुवाउँदैछौं। अस्पतालमा पनि जहाँ-जहाँ माग हुन्छ, त्यहाँ पनि खाना पुर्‍याउने काम चलिनैरहेको छ।

**टिममा को–को सहभागी बन्नु भएको छ ?**

- हाम्रो टिममा यसरी भन्ने हो भने त सबै जना हुनुहुन्छ। यो कामका लागि मेरो परिवारको ठूलो हात छ। म संगै मेरा श्रीमान् राहुल अग्रवाल, मेरी सासूआमा दर्शना अग्रवाल, सिङ्गो मारवाडी समुदायका साथीहरु, रितेष अग्रवाल, बन्टी अग्रवाल, सुमित मंगल, महेश चित्लाङ्गिया, सञ्जय अग्रवाल, रीता चित्लाङ्गीया, श्याम वंशल लगायत धेरै जना सहयोगी हुनुहन्छ।

**यो बेला आफैंमा जोखिम छँदैछ। तथापि कसरी काम गरिरहनु भएको छ ?**

- हो यो समय जोखिम पूर्ण समय हो। भनाइ नै छ नि 'जहाँ अप्ठ्यारो, त्यहाँ आपत विपद्, त्यहाँ मारवाडी समुदाय'। अहिलेको यो विषम् परिस्थितिमा पनि हामी मारवाडी समुदाय फ्रन्ट लाइनमा खटिएर काम गर्न पछि परेका छैनौं। अझ यस्तो विषम् परिस्थितिमा पनि मारवाडी समुदायका महिलाहरुले केही गर्न सक्छन् भन्ने उदाहरण पनि दिएका छौं। साँच्चै यो समय कसलाई कतिवेला रोग लाग्छ भन्न सक्ने अवस्था छैन। तर, पनि स्वास्थ्य सावधानी अपनाएर सुरक्षित भएर काम गरिरहेका छौं।

हिजो पनि सामाजिक कार्यमा मारवाडी समुदाय अगाडि नै थियो। यो विषम् अवस्थामा हामीले हस्पिटल क्षेत्रका बिरामी, सडकपेटीमा बसेका मान्छे, गाउँ र बस्तीमा गएर राहत दिइराखेका छौं, साथै मजदुरी गर्ने मानिसलाई पनि सेवा दिइराखेका छौ। हामी पूर्णरुपले विश्व स्वास्थ्य संगठनले भनेको मापदण्ड अपनाएर फिल्डमा निस्कन्छौं।

**अनि कहिलेसम्म यसरी दिनदुःखीको सेवा गर्ने सोच बनाउनु भएको छ ?**

- दैबले कहिले लाने हो थाहा हुँदैन।जोखिम धेरै छ तर पनि यो बेला सेवालाई हामीले प्राथमिकता दिएका छौं। हामीले मास्क, ग्लोव्सको प्रयोग नियमित गरिराखेका छौं। स्वास्थ्य सावधानी अपनाएर कहिलेसम्म सकिन्छ त्यो वेला सम्म हामी निरन्तर दिनदुःखीको सेवा गरिरहन्छौं।

**अघिल्लो पटक पनि कोभिडको संक्रमण देखिँदा यहाँहरुले यसैगरी गाउँ–गाउँमा पुगेर विपन्न र समस्यामा परेका नागरिकलाई सहयोग गर्नु भएको थियो। अहिलेपनि निरन्तर गरिरहनु भएको छ। के भन्छन् उनीहरु ?**

- मानिसको चित्त बुझाउन कहिले पनि सकिँदैन, तर आफ्नो चित्त बुझाउन सकिन्छ। अहिलेको यही कार्य गरेर, हामी र हाम्रो टिम सन्तुष्ट छौं। काम गरेर र मानिसहरुको राम्रो प्रतिक्रिया सुनेर झन् ऊर्जा र प्रोत्साहन पाएका छौं। हामीलाई सवैले राम्रो काम भनेर प्रशंसा गरिरहनु भएको छ। तथापि एक दुई ठाउँबाट विरोध आउनु स्वभाविक नै हो। त्यसलाई हामीले खास महत्व दिएका छैनौं। हामी निःस्वार्थ सामाजिक काममा लागेका छौं, कस्ले के भन्ला भन्ने चिन्ता छैन।

**कुनै भावी योजना पनि छन् कि ?**

- योजना बनाएर यस्तो काम गर्न सकिँदैन। जसो-जसो माग हुन्छ हामी त्यही अनुसार योजना बनाउँछौं। सामाजिक कामसहित देशको हितका लागि हरेक काम गर्ने प्रतिबद्ध छौं। हामीले एक महिना अघिदेखि कुनै योजना बनाइरहनु पर्दैन। समाजका लागि यो गर्ने भनेर एकपटक टिममा सल्लाह गर्न पाए पुग्छ। हेरौं अब कोभिडको सिनारियो कस्तो हुन्छ सोही अनुसार हामी अगाडि बढ्छौं।




# साइप्रसमा पहिलो महिला सभामुख

साइप्रसमा पहिलोपटक संसदबाट महिला सदस्य सभामुखमा चुनिएकी छन्। सन् १९६० मा स्वतन्त्र भएको साइप्रसको दोस्रो सर्वाधिक शक्तिशाली पदमा अन्निटा डिमेट्रिओ चयन भएकी हुन्।

साइप्रसको कूल ५६ सदस्य रहेको संसदमा डिमेट्रिओले २५ मत प्राप्त गरेकी थिइन्।

सभामुखमा विजयी भएसँगै ३५ वर्षीया सांसद डिमेट्रिओले आफूले प्राप्त गरेको जिम्मेवारी पूर्ण निष्ठाका साथ पूरा गर्ने बताउँदै आफूले निष्पक्ष भूमिका निर्वाह गर्ने जानकारी दिइन्।

साइप्रसका राष्ट्रपति निकोस अनास्तासियाडेसले डिमेट्रिओ निर्वाचित भएकोमा आफूलाई निकै खुशी लागेको बताए। उनले राष्ट्रपति पछि देशको सर्वाधिक शक्तिशाली राजनीतिक पदमा एक महिला चुनिनु देशकै लागि गर्वको विषय भएको बताए।

डिमेट्रिओ मध्य-दक्षिणपन्थी डेमोक्रेटिक पार्टीबाट सांसद भएकी हुन्। राष्ट्रपति अनास्तासियाडेसले पनि यही पार्टीलाई धेरै वर्षसम्म नेतृत्व दिएका थिए।

बेलायतको उपनिवेशबाट मुक्त भएपछिका ६१



वर्षमा धेरै महिला सदस्यहरुले राजनीतिक पद प्राप्त गरे पनि डिमेट्रिओले प्राप्त गरेको यो पद सबैभन्दा माथिल्लो हो। साइप्रसको राजनीतिमा महिलाको सहभागिता पुरुषको दाँजोमा निकै कम हुने गरेको छ।

हाल साइप्रसको १५ सदस्यीय मन्त्रीमण्डलमा तीन जना मात्र मन्त्री छन्। राष्ट्रपति अनास्तासियाडेसले अब हुने मन्त्रिपरिषद पुनर्गठनमा महिलाको सहभागिता वृद्धि गर्ने घोषणा पनि गरेका थिए।

# २६ दिन...

सुरक्षकर्मी, स्वास्थ्यकर्मी सबैको साथ र सहयोग प्राप्त भइरहेको थियो। आफन्तको प्रत्यक्षपरोक्ष सहयोग प्राप्त भइरहेको थियो। शरीरमा समस्या बढ्दै ज्वरो टाउको दुखाइका साथै, बान्ता हुने, झाडापखाला र खोकी शुरु भयो। वैशाख २० गते सोमबारको दिनबाट भने श्वासप्रश्वासमा समेत समस्या र छातीको दुखाइ अत्यधिक भएपछि बीएण्डसी हस्पिटलका डाक्टर लक्ष्मण ठाकुर, जनसर्म्पक अधिकारी प्रमिश गिरीसंगको परामर्शपछि हस्पिटल भर्ना हुने निधो गरेँ। त्यस बेला हस्पिटल परिसरमा प्रधानसम्पादक, ब्यवस्थापक, सहसम्पादक, पत्रकार महासंघका उपाध्यक्ष भट्टराई, ओम झापा मेडिकलका सञ्चालक खतिवडा सबै हुनुहुन्थ्यो। उहाँहरु मेरो हौसला बढाउन उभिनुभएको थियो। हस्पिटल भर्नापछि पछि राति नै छातीको एक्स-रे, ईसीजी लगायत विभिन्न परीक्षण गरियो र सोही अनुसारको औषधि प्रयोग गरियो। यो कार्यमा डाक्टर ठाकुर आफैं खट्नुभयो। तीन दिनको अस्पताल बसाई पछि घर फर्किएँ तर, पनि पूर्ण रुपमा निको भएको थिइँन्।

यो अवधिमा आयुर्वेद अस्पताल इलामबाट चिकित्सक सहितका टिम लिएर पत्रकार महासंघ प्रदेश समिति र झापा शाखाका साथै प्रेस युनियन, प्रेस चौतारी लगायतको टोली आएर खानपिनमा अपनाउनुपर्ने सावधानी र संक्रमण भए पश्चात गर्नुपर्ने शारीरिक व्यायामको विषयमा जानकारी दिँदै स्वास्थ्य सामग्री पनि हस्तान्तरण गर्नुभयो। विभिन्न अग्रज पत्रकारहरुले घरमै आएर हौसला दिनुभयो। रोगसंग डराएर होइन सावधानी अपनाएर परास्त गर्न सकिने सल्लाह र सुझाव अनुसार विभिन्न घरेलु जडीबुटी, सेवन गरेँ। पानीको बाफ लिनका लागि सहज होस् भनेर प्रिय मित्र प्रविन अग्रवालले मेसिन पठाइ दिनुभयो। यस्ता धेरै सहयोग प्राप्त भएको थियो।

आफू संक्रमित भएर पनि धेरै असहज भएको जानकारी पाएपछि युवा परिषद् झापाका अध्यक्ष मदन बुढाथोकीले देखाउनुभएको सहयोगको जति नै प्रशंसा गरेपनि कम होला। बिर्तामोड उद्योग वाणिज्य संघका वरिष्ठ उपाध्यक्ष राजु न्यौपाने, इक्यान झापाका अध्यक्ष सुमन शर्मा जम्मरकट्टेल, प्रिय मित्र अशोक भण्डारी, शान्तिपुर-झापा एकता समाजका अध्यक्ष ज्ञानेन्द्र अधिकारी, पत्रकार मिनप्रकाश उप्रेती, सरोज पौडेल, सुरक्षा निकायका विभिन्न पदमा कार्यरत सुरक्षाकर्मी लगायतले हौसला प्रदान गरिरहनुभयो। तातो खानपिनमा ध्यान दिएँ। पौष्टिक आहारमा ध्यान दिएपछि १८ दिनपछि भने शरीर सहज बन्दै गयो। २६ दिनपछि चिकित्सकको सल्लाह अनुसार नै कोरोना जितेको घोषणा गरियो। यो अवधिमा सामाजिक सञ्जाल, फोन, एसएमएस, इमेल लगायत विभिन्न माध्यमका साथै प्रत्यक्ष भेटेर स्वास्थ्य लाभको कामना गर्नुहुने सबैमा आभार ब्यक्त गदर्छु। कोरोना संक्रमणकै समयमा प्रियमित्र एजाज अहमदले भिडियो कल गरेर स्वास्थ्य लाभको कामना गर्दै अल्लाहसँग तपाईको स्वास्थ्य लाभको कामना गरेको छु, केही हुन्नँ, तपाई छिट्टै निको हुनुहुन्छ भन्दा गर्वले छाती ढक्क फुल्यो। विदेशमा रहेका प्रियमित्र रुद्र पौडेलले आँखाबाट आँशु झार्दै केही हुन्न भन्दा र दाङमा रहेका डीएसपी मुकुन्द रिजालले भिडियो कलमार्फत मलिन अनुहारमा तपाई छिट्टै निको हुनु है भन्दा आफैं भावुक बन्न पुगेँ।

सबैको साथ र सहयोगले गर्दा आफैंबाट हारेको मान्छेले दोस्रो जीवन पाएको छु। कोरोना संक्रमणलाई हेल्चेक्र्याइँको रुपमा नलिऔं। सुरक्षित रुपमा स्वास्थ्यको मापदण्ड पालना गरौं। साथै कोरोना संक्रमण भइहालेमा नआत्तिहौं सुरक्षित रुपमा घरमै बसेर चिकित्सको सल्लाह अनुसारको औषधि प्रयोग गरौं नियमित रुपमा शारीरिक व्यायाम गरौं। रोगबाट टाढै बसौं भन्दै संक्रमित सबैको शीध्र स्वास्थ्य लाभको कामना तथा मृतकप्रति हार्दिक श्रद्धाञ्जली ब्यक्त गर्दछु। यो अवस्थामा अनावश्यक हिँड्डुल बन्द गरौं।


**पसल बिक्रीमा**

बिर्तामोडस्थित शनिश्चरे रोड राष्ट्रिय वाणिज्य बैंक अगाडि चालू अवस्थाको कोल्ड सेन्टर बिक्रीमा।
**सम्पर्क : ९८१४९६३४८८**

**सेफ्टी ट्याङ्की तथा ढल सफाई**

अत्याधुनिक ट्र्वो (Trabo) प्रविधि सिस्टमको ठूलो ट्याकीबाट सस्तोमा दुगर्न्धरहित हजुरहरुको सेफ्टी ट्यांकी सरसफाई गर्नु परेमा हामीलाई सम्झनुहोस्।
'चट्ट फोन झट्ट सेवा'



**सम्पर्कः ०२३-५५०६२०, ९८४२६५५७००, ९८०४९३८१००, ९८०७९३०७४०, ९८१७९२९३९४**

**साझा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई**

झापामै पहिलोपटक भ्याकुम सिष्टमको ठूलो र सस्तो ढल तथा सेफ्टी ट्याङ्की सरसफाईको लागि हामीलाई सम्झनुहोस्।




**सम्पर्कः ९८१४९९३७१२, ९८२४९८११७४, ९८४२६७७८५५, ९८६२६४८२८२**

**सुरक्षा गार्डको आवश्यकता**

२५ वर्ष माथि ५० वर्षसम्म उमेर भएका पुरुष र २० वर्षदेखि ३० वर्ष उमेर भएका महिला सेक्युरिटी गार्डको आवश्यकता परेको हुँदा इच्छुकले तु–सम्पर्क गर्नुहोला।
*भू.पू. आर्मी, प्रहरीलाई विशेष ग्राह्यता।*
**विराट गोर्खा सेक्युरिटी प्रा. लि.**
सम्पर्क कार्यालय बिर्तामोड
**सिटी सेन्टर पूर्व, देवी कलेज रोड**
**फोन : ९८४२६२५०२०, ९८०४७३१५६८, ९८०४५६७८७२**

**हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार**

पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार।
**जाँच तथा उपचार हुने समस्याहरु**
- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ।
- प्लाराइसीस भएका तथा हिंड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ।

**स्पार्क पूर्वाञ्चल अस्पताल,** कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३–५४०१२३, ९८०३१५४६१९)

**चिनारी राजश्व सेवा सेन्टर**

- अनलाइन कर भुक्तानी/कर चुक्ता प्रमाणपत्र
- पर्सनल पान नम्बर पनि बनाइन्छ।
- सरकारी निकायमा व्यवसाय दर्ता गर्नको लागि कागजात तयार गर्ने।
- लेखा परीक्षण /VAT BILL सम्बन्धी काम

**मो. ९८०४९७६५०६, ९८४२६४५३७५**

**ताप्लेजुङ-पाथीभरा सफल यात्रा**

बिर्तामोडबाट ताप्लेजुङ हुँदै पाथीभरा मन्दिरसम्म साथै थेचम्बू, मेमेङसम्मको सफल यात्राका लागि हामीलाई सम्झनुहोस्।



**ताप्लेजुङ पाथीभरा काउन्टर**
**मो. ९८०३२५०४७२/९८०१३६४०९३**

**अर्जुनधारा यातायात प्रा.लि.द्वारा सञ्चालित आरमदायी यात्रा**

बिर्तामोडबाट रवि विहान ९ बजे गाडी नम्बर १७९९ अनुप, ९८४२६९८२४८, ५४६ उत्तम ९८४२६७२८२४, चन्द्र ५२६- ९८६७९९३४९१ साथै समालटार, २:१५ बजे सानुबर्दू २:४५ बजे दैनिक सेवा उपलब्ध छ।

**अध्यक्षः गोपाल घिमिरे (९८४२६८४७५६), बिर्तामोड काउन्टर सीताराम आचार्यः ९८४२६२३१५२**

सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला।

**झापा सेफ्टी ट्यांकी तथा ढल सफाई**

बिर्तामोड सम्पर्क
**राजुकुमार श्रेष्ठ**
९८५२६४६००५
९८०६०१०४१०
९८४२६३४६२७
०२३–५४६००५




दमक सम्पर्कः
**देवी सिटौला**
९८२४९७९१८५
९८४२७६०२६५
९८४२३३२४३०

झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ।




ज्यो. मधुसूदन रिजाल
(स्वर्णपदक विजेता)
वैदिक ज्योतिष परामर्श केन्द्र
शनिश्चरे रोड, बिर्तामोड (९८४२०५७४९९)

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ)** - स्वास्थ्य सबल बन्नुका साथै काममा उत्साह जाग्नेछ। चुनौति पन्छाएर काम बनाउन सकिनेछ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो)** - शत्रुहरू किनारा लाग्नेछन् भने प्रतिस्पर्धामा विजयी भइनेछ। पुरुषार्थी कामले समाजमा स्थापित बनाउन सक्छ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह)** - रोकिएका काम बन्नाले मनग्गे लाभ हुनेछ। इर्ष्या गर्नेहरूले हार खानेछन्। जीतको सम्भावना छ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो)** - व्यापार लगायत आर्थिक लाभ हुने नयाँ योजना शुभारम्भ गर्ने समय छ। मनोरञ्जनमा अलमलिँदा लक्ष्यमा बाधा पुग्नेछ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे)** - परिस्थिति अनुकूल रहे पनि भौतिक सुविधाले खर्च निम्त्याउन सक्छ। बुद्धिको उपयोग गर्दा लक्ष्य प्राप्त हुनेछ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो)** - आम्दानीका स्रोत बढ्नेछन्। अपूर्ण ज्ञानलाई निखार्ने अवसर प्राप्त हुनेछ। मेहनतले सम्मानित स्थान दिलाउन सक्छ।

**तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते)** - बौद्धिक अभिव्यक्तिको प्रभाव बढ्नेछ। सुखद् समाचारले उत्साह जगाउनेछ। आफन्तसँग असमझदारी बढ्नेछ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु)** - घरेलु समस्याले निराश तुल्याउन सक्छ। तत्कालको फाइदा हेर्दा पछिलाई घाटा हुन सक्छ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे)** - बेसुरमा बोल्ने बानीले बित्थैमा दुःख पाइनेछ। स्वास्थ्यका लागि आहारविहारमा ध्यान पुर्‍याउनुहोला।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि)** - व्यावहारिक समस्याले सताए पनि सामाजिक कार्यले हौसला प्रदान गर्नेछ। समस्या दर्साएर पनि सहयोगीहरू फेला पार्न सकिनेछ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द)** - छोटो समयमा राम्रै उपलब्धि हातलागी हुनेछ। स्रोत-साधन जुट्नाले प्रतिफल प्राप्त हुनेछ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि)** - मेहनतले दैनिकीमा परिवर्तन ल्याउन सकिनेछ। रोकिएका काम बन्ने र नयाँ काम शुरु गर्ने समय छ।